मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## सरकारी कार्यालय विचौलियामुक्त बनाउन निर्देशन

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय पर्साले सरकारी अड्डाहरुलाइ बिचौलिया मुक्त सेवा दिन निर्देशन दिएको छ। आइतबार विज्ञप्ती जारी गर्दै प्रशासनले सरकारी अड्डाहरुको नाममा फरमान जारी गरेको हो।
प्रशासनले बिचौलिया मुक्त, छिटो, सरल र सहज सेवा उपलब्ध गराउन अनुरोध गरेको हो। प्रशासकीय अधिकृत रेखा कुमारीले हाल प्रशासन कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरू नियमित रूपमा सहज ढंगले सञ्चालन भइरहेको बताएकी छन्। उनले कार्यालय परिसरभित्र मात्र नभइ वरपर पनि यस्ता गतिविधि नगर्न चेतावनी दिएकी छन्। प्रशासनको निर्देशन विपरित त्यस्ता कार्य गरेको पाइएमा निगरानी बढाएर तत्काल एक्सन लिइने उनको भनाइ छ।

● वर्ष ४ ● अंक १३८ ● २०८२ साल चैत्र २३ गते सोमबार ● Monday 06, April 2026 ● सूर्योदय: बिहान ०५:५३ बजे ● सूर्यास्त: साँझ ०६:२३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# भू–माफियाको चँगुलमा परेको 'छपकैया पोखरी' ३९ वर्षको संघर्षपछि सार्वजनिकीकरण !




*२०७१ सालमा प्रमोद विक्रम शाहले जग्गा विक्री गर्नका लागि माटो पुरेको अवस्था।*

**हरिशंकर शर्मा**
**वीरगंज।**
वीरगंजस्थित ऐतिहासिक तथा बहुमूल्य छपकैया पोखरी अन्ततः सार्वजनिक सम्पत्तिका रूपमा पुनः स्थापित भएको छ। अर्बौं मूल्य बराबरको उक्त पोखरी विगतमा निजी स्वामित्वमा पुगेपछि विवादमा परेको थियो, तर ३९ वर्षको लामो कानुनी लडाइँ र नागरिकस्तरको निरन्तर संघर्षपछि फेरि महानगरकै स्वामित्वमा फर्किएको हो। जग्गा निजीकरण भएपछि स्थानीयदेखि सामाजिक अभियन्ता छपकैया निवासी जफर अन्सारीको पहलमा कानूनी लडाइँ भएपछि पुनरावेदन अदालत हुँदै सर्वोच्च अदालतसम्मबाट व्यक्तिको पक्षमा फैसलाको उक्त जग्गा निरन्तर पहल र प्रमाणका आधारमा अन्ततः निर्णय उल्टिएको हो। यससँगै सार्वजनिक सम्पत्ति संरक्षणतर्फ महत्वपूर्ण उपलब्धि हासिल भएको मानिएको छ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत सहसचिव डा. भीष्म कुमार भुसालले सामाजिक सञ्जालमार्फत पोखरी सार्वजनिक सम्पत्ति कायम भएको जानकारी दिएका छन्। उनले यस अभियानमा विशेष योगदान पु¥याएको भन्दै वीरगंज महानगरपालिकाका पूर्व नगरप्रमुख विजयकुमार सरावगीप्रति आभार व्यक्त गरेका छन्। पूर्व मेयर सरावगीले आफ्नो कार्यकालमा सार्वजनिक सम्पत्ति जोगाउने विषयलाई उच्च प्राथमिकतामा राख्दै यस मुद्दामा दृढता देखाएका थिए। अघिल्लो अदालतको फैसला त्रुटिपूर्ण रहेको निष्कर्षसहित उनले कार्यपालिका बोर्डबाट निर्णय गराई राष्ट्रपतिसमक्ष संस्थागत रूपमा ध्यानाकर्षण गराएका थिए।
जटिल र प्रभावशाली व्यक्तिहरू जोडिएको यस प्रकरणमा पनि उनको नेतृत्व, इच्छाशक्ति र निरन्तर पहलले अन्ततः महानगरलाई आफ्नो बहुमूल्य सम्पत्ति फिर्ता गराउन सफल बनाएको जनाइएको छ। यस अभियानमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहितको टोलीले प्रमाण संकलनमा सक्रिय भूमिका खेलेको थियो भने अभियन्ता जफर अन्सारीको दशक लामो संघर्ष र सञ्चारमाध्यमको निरन्तर खबरदारीले समेत उल्लेखनीय योगदान पु¥याएको छ। लामो समयपछि सार्वजनिक सम्पत्तिको संरक्षण सम्भव भएको भन्दै यतिबेला वीरगंजवासीमा खुशी र उत्साहको वातावरण देखिएको छ।

## सार्वजनिक सम्पत्ति निजीकरण भएको नालीबेली

वीरगंज उपमहानगरपालिका २ छपकैयास्थित सार्वजनिक पोखरी। करिव ४ विघा क्षेत्रफलमा फैलिएको अर्वौं मूल्य पर्ने सार्वजनिक पोखरीलाई स्थानीय प्रमोद बिक्रम शाहले आफनो पैसा र पावरको साहारामा दर्ता गराउन सफल भएका थिए। शाहले मालपोत कार्यालय पर्साका केही कर्मचारीलाई मिलाएर उनीहरुको सल्लाह र सहयोगमा मिति २०४४ साल बैशाख २० गते आफ्नो नाममा पास गराई जग्गाधनी लालपुर्जा लिन सफल भएका थिए।
तत्कालीन नगरसभा सदस्य समेत रहेका प्रमोद विक्रम शाहले आफन्त पर्ने त्रिलोक प्रताप राणा सर्वोच्च अदालतका प्रधान न्यायधीश भएको बेला जिल्ला नापी अधिकृत साविर हुसेनले प्रमाणित गरिदिएको आधारमा सो जग्गाको लालपुर्जा प्राप्त गर्न सफल भएका थिए। नगरसभा सदस्य शाहले उक्त पोखरी आफ्नो निजी सम्पत्ति रहेको दाबी गरेपनि २०३९ साल वैशाखमा भएको उनको पारिवारिक अशवण्डापत्रमा छपकैया पोखरीबारे कतै उल्लेख नगरिएकोले पनि छपकैया पोखरी शाहको नरहेको पुष्टि भएको थियो। तर सरकारदेखि सार्वजनिक जग्गाको सुरक्षार्थ खडा गरिएको मालपोत कार्याललयकै नियतमा खोट थियो।
वीरगंज नगरको मातहतमा रहेको पोखरी व्यक्ति विशेषले आफ्नो नाममा दर्ता गराएको थाहा पाएपछि तत्कालीन कार्यकारी अधिकृत रामकृष्ण भुर्तेलले जिल्ला अदालत पर्सा, पुनरावेदन अदालत हेटौडा र सर्वोच्च अदालत काठमाडौंमा उजुरी गरे। न्याय दिने निकायको उच्च पदमा उनको आफन्त पर्ने प्रधान न्यायधीश त्रिलोक प्रताप राणा रहेकोले उनकै इशारामा कार्यकारी अधिकृतले दिएको उजुरीको हकदैया नपुगेको र हकम्याद भित्र मुद्दा नगरेको भनि उजुरी खारेज गरिएको थियो। तर एक स्थानीय नागरिक पर्सा जिल्लाको बिजवनिया गाबिस निवासी रामदयाल प्रसाद यादवले छपकैया पोखरीलाई सार्वजनिक गरि पाउँ भनि जिल्ला अदालत पर्सामा दिएको उजुरीमाथि २०६५ असार २६ गते न्यायधीश मोहनकृष्ण खनालको एकल इजलाशले छपकैया पोखरीलाई पुनः सार्वजनिक गरेको थियो।
त्यस पश्चात प्रमोद विक्रम शाह रै.नं. ११ मा ज.वि. २–८–५ र रै.नं. २२ मा ज.वि. १–०–० अन्तर्गतको जग्गा आफ्नो नाममा दर्ता रहेको सो जग्गा आफूले साविकदेखि हालसम्म मालपोत तिरी माछापालन गरि अविछिन्न रुपमा भोगचलन गर्दै आएको भनि पुनरावेदन अदालत हेटौडामा दिएको रिट निवेदनमाथि न्यायधीशद्धय एकराज आचार्य र तेज बहादुर कार्कीको संयुक्त इजलाशले पनि छपकैया पोखरीलाई सार्वजनिक गरेको थियो। तर सर्वोच्च अदालतमा शाहका आफन्त त्रिलोक प्रताप राणा प्रधान न्यायधीश भएको कारण शाहको उजुरीमाथि २०७१ साल भदौ ८ गते माननिय न्यायधीश चोलेन्द्र सम्शेर जबरा र दीपकराज जोशीको संयुक्त इजलाशले छपकैया पोखरी प्रमोद विक्रम शाहको रहेको भनि फैसला सुनाएको थियो।
सो फैसला लगतै शाहले सो पोखरीमा माटो भरी टुक्रा टुक्रा गरि दुई पटकमा अन्दाजी १५ कठ्ठा जग्गा विक्री गर्न सफल भएका थिए। पोखरीको जग्गा खरिद गर्ने सिरहा जिल्ला गाविस कल्याणपुर वडा नं. ७ बस्ने ४६ वर्षीय सावित्री कुमारी महासेठले जग्गामा माटो पुर्न खोज्दा विवाद शुरु भएको थियो।
त्यस पश्चात वीरगंज महानगरपालिकाका तत्कालीन निर्वाचित भएका विजय सरावगीले चासो लिए। स्थानीयको साथ र सरावगीको पहलले अहिले छपकैया पोखरी पुनः सार्वजनिकीकरण भएको छ। विजय सरावगी मेयर हुँदा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यभार सम्हालेका डा. भीष्मकुमार भुषाल (हाल प्रधानमन्त्री कार्यालयको सह–सचिव) ले पनि सार्वजनिक सम्पत्ति दोहनप्रति चासो देखाएका थिए। उहाँहरुको समन्वय र स्थानीय समाजसेवी जफर अन्सारीको निरन्तर प्रयासले गर्दा करिब ३९ वर्षपछि छपकैया पोखरी पुनः सार्वजनिकीकरण भएको हो।
उक्त जग्गामा एकातिर हिन्दुहरुको छठ घाट निर्माण गरिएको छ भने अर्कोतिर मुस्लिम समुदायको इदगाह निर्माण गरिएको छ सोही कारण सो जग्गा हिन्दु र मुस्लिम धर्मावलम्बीको धार्मिकस्थलको रुपमा लिने गरिएको छ।

# सातामा दुईदिन सार्वजनिक बिदा, कार्यालय समय ९ देखि ५ बजेसम्म



**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको समस्या व्यवस्थापन गर्न तथा इन्धन खपत घटाउने उद्देश्यले सातामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले शनिबार र आइतबार दुवै दिन सरकारी कार्यालय र शैक्षिक संस्थामा बिदा दिने व्यवस्था लागू गर्ने निर्णय गरेको हो।
सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार यो निर्णय २३ चैतदेखि नै कार्यान्वयनमा आउनेछ। निर्णयअनुसार अब देशभरका सरकारी कार्यालयसँगै सबै शैक्षिक संस्थाहरू पनि हप्तामा दुई दिन बन्द रहनेछन्। यद्यपि सेवा प्रवाहमा असर नपरोस् भन्ने उद्देश्यले सरकारले कार्यालय समय भने परिमार्जन गरेको छ। त्यसैगरि शैक्षिक संस्थाबाहेकका सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछन्। 'शैक्षिक संस्थाबाहेक उल्लेखित कार्यालयहरूको कार्यालय समय ९ देखि ५ बजेसम्म कायम गरिएको छ,' प्रवक्ता पोखरेलले जानकारी दिए। सरकारले इन्धन खपत व्यवस्थापन, यातायातको चाप न्यूनीकरण तथा सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित बनाउने लक्ष्यसहित यस्तो निर्णय लिएको जनाएको छ। दुई दिनको बिदा व्यवस्थाले पेट्रोलियम आपूर्ति सहज बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। साथै, नयाँ व्यवस्थाले नागरिकको दैनिक जीवनशैलीमा समेत परिवर्तन ल्याउने अपेक्षा सरकारको छ।

# सरकारी विज्ञापन सरकारी मिडियामै राख्ने निर्णयविरुद्ध सर्वोच्चमा रिट

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारी विज्ञापन वितरणसम्बन्धी सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिएको छ। रौतहटको गरुडा नगरपालिका–८का राहुल कुमार साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सम्बन्धित निकायलाई विपक्षी बनाउँदै उत्प्रेषण र परमादेशको मागसहित रिट दायर गरेका हुन्। निवेदक साहले वि.सं. २०८२ चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको परिपत्रमार्फत सरकारी कोषबाट हुने विज्ञापनहरू राज्य नियन्त्रित सञ्चार माध्यममा मात्र केन्द्रित गर्ने नीति लिएको आरोप लगाएका छन्। उक्त निर्णयले निजी सञ्चार माध्यमलाई पूर्णरूपमा उपेक्षा गर्दै प्रेस स्वतन्त्रता तथा नागरिकको मौलिक अधिकारमा गम्भीर असर पारेको दाबी रिटमा गरिएको छ।
रिट निवेदनमा नेपालको संविधान २०७२ का धारा १७, १८, १९, २७, ४६, ५० (३), १३३ लगायतका प्रावधान उल्लंघन भएको उल्लेख गरिएको छ। साथै, सार्वजनिक खरिद ऐन २०६३ तथा अन्तर्राष्ट्रिय सन्धिहरू—मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको समेत उल्लंघन भएको दाबी गरिएको छ।
निवेदकले 'मितव्ययिता र पारदर्शिता'को नाममा सरकारले अप्रत्यक्ष रूपमा सञ्चार माध्यममाथि नियन्त्रण गर्न खोजेको आरोप लगाइएको छ। उनका अनुसार यस्तो नीतिले



लोकतन्त्रको आधारभूत मान्यता 'विचारहरूको खुला बजार'लाई कमजोर बनाउने र राज्यनियन्त्रित मिडियामा 'सत्यको एकाधिकार' स्थापित गर्ने खतरा बढाएको छ।
रिटमा सार्वजनिक न्यायको सिद्धान्त उल्लेख गर्दै करदाताको रकमबाट सञ्चालन हुने विज्ञापन वितरण निष्पक्ष, पारदर्शी र जनहितमुखी हुनुपर्नेमा जोड दिइएको छ। राज्यकोषलाई सीमित सञ्चार माध्यममा मात्र केन्द्रित गर्नु कानूनी तथा नैतिक दुवै हिसाबले त्रुटिपूर्ण भएको निवेदकको तर्क छ।
रिटको अन्तिम टुंगो नलागेसम्म उक्त निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गर्न पनि अदालतसँग आग्रह गरिएको छ। निवेदकले उक्त नीति कार्यान्वयन भएमा निजी सञ्चार माध्यम बन्द हुने, हजारौं पत्रकार बेरोजगार हुने र स्वतन्त्र प्रेसमा अपूरणीय क्षति पुग्ने दाबी गरेका छन्।

# चुनावी परिणाम शुन्यमा झरेपछि एकिकृत हुने तयारीमा मधेशकेन्द्रित दल



**मधेशदृष्टि**
**जनकपुरधाम।**
चुनावमा पराजित भएपछि तराई–मधेशकेन्द्रित दलहरू पुनः एकीकृत हुने गृहकार्यमा जुटेका छन्। यसको पहल जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरले गरेका हुन्। राष्ट्रिय सभा सदस्यसमेत रहेका ठाकुरले मधेशवादी दलहरूबीच एकताको वातावरण बनाउन शीर्ष नेताहरूसँग परामर्श सुरु गरिसकेका छन्।
विगतमा पनि मधेशवादी दलहरूबीच एकता प्रयास भएका थिए। २०७४ मा विभिन्न छ वटा दल मिलेर राष्ट्रिय जनता समाजवादी पार्टी (राजपा) नेपाल गठन भएको थियो। त्यसपछि २०७७ वैशाखमा राजपा र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीबीच एकता भई जसपा नेपाल बनेको थियो। तर २०७८ भदौमा पार्टी विभाजन हुँदा महन्थ ठाकुर, राजेन्द्र महतो र शरतसिंह भण्डारी अलग भई लोकतान्त्रिक समाजवादी पार्टी नेपाल गठन गरेका थिए। पछि २०८२ पुसमा लोसपा र जसपा पुनः एकीकृत भई जसपा नेपाल कायम भएको थियो।
अब राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनमत पार्टी, नेपाल सद्भावना पार्टी, नेपाल संघीय समाजवादी पार्टी लगायत अन्य दलहरूसँग एकता गरी मधेसमा बृहत् शक्ति निर्माण गर्ने योजना अघि बढाइएको छ। जसपा नेपालका नेता रामकुमार शर्माका अनुसार यसका लागि थप छलफल जारी छ। तर, एकताको प्रयाससँगै नेतृत्व परिवर्तनको माग पनि तीव्र बनेको छ। राजनीतिक विश्लेषक विजयकान्त कर्णका अनुसार वर्तमान नेतृत्वमा एकताको औचित्य कमजोर छ। 'राजनीतिक मात्र होइन, नैतिक रूपमा पनि पराजित नेतृत्वले पद छाडेर युवापुस्तालाई जिम्मेवारी दिनुपर्छ,' उनले बताए।
विश्लेषक चन्द्रकिशोरले पनि मधेसी जनताले पुरानो नेतृत्व अस्वीकार गरिसकेको दाबी गर्छन्। उनका अनुसार अब मधेसको राजनीति नयाँ सोच र नयाँ नेतृत्वबाट मात्र सम्भव छ। 'नारा र नेता दुवै परिवर्तन गर्नुपर्ने बेला आएको छ,' उनले भने।
यस्तै, राष्ट्रिय मुक्ति पार्टीका महासचिव सन्तोष मेहताले पनि पुरानै सोचले एकता सम्भव नरहेको बताए। उनले बालेन्द्र शाह जस्ता युवा नेतृत्वबाट प्रेरणा लिएर अघि बढ्नुपर्ने धारणा राखे।
यसअघि पनि चुनावकै समयमा भएका एकता प्रयासहरूले अपेक्षित परिणाम दिन सकेनन्। जसपा नेपाल र लोसपाबीचको एकता तथा अन्य गठबन्धनलाई मधेसी जनताले पूर्ण रूपमा स्वीकार नगरेको देखिएको छ।
यस सन्दर्भमा, अहिलेको एकता प्रयास सफल बनाउन नेतृत्वमा पुस्तान्तरण, स्पष्ट नीति, र नयाँ राजनीतिक दृष्टिकोण आवश्यक रहेको विश्लेषकहरूको निष्कर्ष छ।



कम्पनी रजिष्ट्रार द.नं. १०८१/०६५/०६६ ने.रा.बैंक/इ.प्रा./घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.

## Vijaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)

*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**मधेशदृष्टि राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मिति : २०८२/१२/२३ गते**

यस विजय लघुवित्त वित्तीय संस्था लि.को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ। धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानूनी कारबाहीको प्रक्रिया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं।

| क्र.स | ऋण लिएको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | बढनिहार | अमृता कुमारी | विरुवागुठी-५, पर्सा | पर्सागढी न.पा.-३, पर्सा | ३४३०७९/४०७ | २०६३/११/१८ | पर्सा | वाल किसुन महतो | बेचन चौधरी थारु | /भरत महतो थारु | भरत महतो थारु |
| २ | बढनिहार | प्रियंका कुमारी | कलैया न.पा.-११, बारा | जितपुर सिमरा उमनपा.-६, बारा | ३३१०५५/३६४९ | २०६८/१२/१७ | बारा | संजित कुमार ठाकुर | उदय कुमार सिंह | /वीरेन्द्र ठाकुर | संजित कुमार ठाकुर |
| ३ | बढनिहार | मिरा देवी सहनी | पर्सागढी न.पा.-७, पर्सा | पर्सागढी न.पा.-७, पर्सा | ३४-०१-७५-०७०४८ | २०७५/०६/१५ | पर्सा | दिपक सहनी मलाह | गोखुल सहनी | /राम बहादुर सहनी | दिपक सहनी मलाह |
| ४ | बढनिहार | मैदुन नेसा खातुन | गमहरिया-७, पर्सा | पर्सागढी न.पा.-४, पर्सा | ३४-०१-७०-०९७२७ | २०७०/०८/२६ | पर्सा | मोसलिम देवान | रसुल आजन देवान | /बाबुदिन देवान | मोसलिम देवान |
| ५ | बढनिहार | एक माया जिम्बा | चन्द्रपुर न.पा.-१, रौतहट | जितपुर सिमरा उमनपा.-१, पर्सा | ३२२०८०/१३५८ | २०७१/०८/०८ | रौतहट | सुर्य विश्वकर्मा | प्रेम बहादुर जिम्बा | /पुर्ण बहादुर विश्वकर्मा | एक माया जिम्बा |
| ६ | बढनिहार | संगिता देवी थरुनी | पर्सागढी न.पा.-२, पर्सा | सखुवा प्रसौनी गापा २, पर्सा | ०४३११७३२ | २०४६/०२/०५ | पर्सा | रामेश्वर दास थारु | वनसी राय थारु | /ठग दास थारु | रामेश्वर दास थारु |
| ७ | बढनिहार | नसिमा खातुन | विरुवागुठी-२, पर्सा | पर्सागढी न.पा.-४, पर्सा | ९५९४ | २०६८/०२/२६ | पर्सा | असलम खाँ | वकिल खाँ | /सामुहमद खाँ | असलम खाँ |
| ८ | बढनिहार | शेष सेराज अहमद | विरुवागुठी-२, पर्सा | पर्सागढी न.पा.-४, पर्सा | ३४३०२३/२५ | २०६३/१२/३० | पर्सा | पुतली कुमारी विश्वकर्मा | शेष एमामुलहक | कृष्ण बहादुर कामी | पुतली कुमारी विश्वकर्मा |
| ९ | बढनिहार | सोनी कुमारी खातुन | महागढीमाई न.पा.-१०, बारा | जितपुर सिमरा उ.म.न.पा.-६, बारा | ३३-०१-७३-०४५२२ | २०७३/०५/०८ | बारा | सरोज पाठक | महफुज अंसारी | /मुरारी पाठक | दुर्गा रिजाल नेसा |
| १० | बढनिहार | जय प्रकाश जयसवाल | भवानीपुर-२, बारा | जितपुर सिमरा उ.म.न.पा.-६, बारा | ३३२०७९र३०३९८ | २०६७/०९/२८ | बारा | – | उमेश प्रसाद जयसवाल | राम प्रसाद जयसवाल | सुनैना देवी |
| ११ | बढनिहार | विष्णु कुमारी चौलागाई | निजगढ-३, बारा | जितपुर सिमरा उ.म.न.पा.-२, बारा | ३३३०११/२५६७ | २०६३/१०/१८ | बारा | कृष्ण प्रसाद चौलागाई | दिलनाथ पौडेल | /कृष्ण लाल चौलागाई | भगवती बस्नेत |
| १२ | बढनिहार | सुनिता श्रेष्ठ ठाकुर | पिप्रा सिमरा-३, बारा् | जितपुर सिमरा उ.म.न.पा.-२, बारा | ३३२०८१र३४१४८ | २०६८/११/०२ | बारा | अशोक कुमार ठाकुर | नर बहादुर श्रेष्ठ | /राम जित ठाकुर | अशोक कुमार ठाकुर |
| १३ | बढनिहार | सिता महरा | सिहोर्वा-३, बारा | जितपुर सिमरा उ.म.न.पा.-२, बारा | ६६१६ | २०५७/०९/२३ | बारा | मोहन महरा चमार | गोपाल महरा | /रकटु महरा चमार | मोहन महरा चमार |
| १४ | बढनिहार | सोहन कुमार पिप्ले | सिहोर्वा-३, महोतरी | जितपुर सिमरा उ.म.न.पा.-२, बारा | ०२७९४१३१ | २०४३/०९/२१ | महोत्तरी | सावित्री पिप्ले | मेघनाथ पिप्ले | /ठरनाथ ढकाल | सावित्री पिप्ले |
| १५ | बढनिहार | विनिता देवी | प्रसौनी भाठा-९, पर्सा | जितपुर सिमरा उ.म.न.पा.-२, बारा | ३४१०६३/३६७ | २०६७/०८/१३ | पर्सा | विनोद ठाकुर हजाम | कपिल देव ठाकुर हजाम | /दुखा ठाकुर हजाम | विनिता देवी |
| १६ | बढनिहार | आशा देवी हजरा | बेलवा-८, पर्सा | विरगंज म.न.पा.-३१, पर्सा | ३४-०१-६९-००१८४ | २०६९/०४/११ | पर्सा | छोटलाल हजरा | रामश्रेय हजरा | /देवधारी हजरा | छोटलाल हजरा |
| १७ | बढनिहार | जैनब खातुन | विरुवागुठी-२, पर्सा | विरगंज म.न.पा.-३१, पर्सा | ३४-०१-७०-१०४४२ | २०७०/०९/१४ | पर्सा | शेष समसुदिन | शेष सदिक | /शेष हजरत | शेष समसुदिन |
| १८ | बढनिहार | सन्देश प्रसाद राउत कुर्मी | पर्सागढी न.पा.-४, पर्सा | पर्सागढी न.पा.-४, पर्सा | ३४-०१-७४-११०४० | २०७४/०८/२८ | पर्सा | – | लाल बहादुर प्रसाद कुर्मी | सुब्बा राउत | लाल बहादुर प्रसाद कुर्मी |
| १९ | हेटौडा | पुजा कुमारी बनिया | बरहथवा-७, सर्लाही | हेटौडा-६, मकवानपुर | १९-०२-७३-०१६५९ | २०७३/०३/१२ | सर्लाही | लक्ष्मी कुमार दास | हरी राम दास कथबनिया | /उपेन्द्र दास | लक्ष्मी कुमार दास |
| २० | हेटौडा | मिना बिडारी | भैसे-१, मकवानपुर | हेटौडा-१ ,मकवानपुर | १६/६४५ | २०५८/०४/०४ | मकवानपुर | रुपचन्द्र बिडारी | सिताराम श्रेष्ठ | /पुस्माखर बिडारी | यूनिक बिडारी |
| २१ | हेटौडा | रीमा राई | हेटौडा-५, मकवानपुर | हेटौडा-५, मकवानपुर | ३९/२६७४८ | २०६२/०६/०५ | मकवानपुर | सरोज राई | लक्ष्मी प्रसाद ओझा | /सरोज राई | स्वस्तिका राई |
| २२ | हेटौडा | साईलो बहादुर ढकाल | जिवनपुर-८, धादिङ्ग | हेटौडा-५, मकवानपुर | ३४४०२ | २०५६/०९/२० | धादिङ्ग | कल्पना कुमारी लामा | नैन बहादुर ढकाल | गणेश बहादुर ढकाल | कल्पना कुमारी लामा |
| २३ | हेटौडा | राजेश्वरमान श्रेष्ठ | सपही-१, बारा | हेटौडा-४, मकवानपुर | २३६६३ | २०४९/०९/२१ | मकवानपुर | सुस्मा श्रेष्ठ | जगदिश्वर मान श्रेष्ठ | /अस्रमान श्रेष्ठ | सुस्मा श्रेष्ठ |
| २४ | हेटौडा | गिता श्रेष्ठ | चाउने-७, नुवाकोट | हेटौडा-१, मकवानपुर | ७५५८६ | २०५८/१२/०७ | नुवाकोट | नवराज श्रेष्ठ | मान बहादुर श्रेष्ठ | /ज्ञान बहादुर श्रेष्ड | रुबिना थापा घलान |
| २५ | हेटौडा | अन्जना तिमिल्सीना | हाडीखोला-६, मकवानपुर | मनहरी-३, मकवानपुर | ३१-०१-०७०-०९३९९ | २०७०/०९/१८ | मकवानपुर | अर्जुन प्रसाद तिमिल्सीना | टूगनाथ संजेल | /गोबिन्द प्रसाद तिमिलसीना | अर्जुन प्रसाद तिमिलसीना |
| २६ | हेटौडा | सुन कुमारी लामा | हेटौडा-१०, मकवानपुर | हेटौडा-१०, मकवानपुर | ३११०२३/९३७४३ | २०६८/११/२३ | मकवानपुर | प्रेम कुमार लामा | पूर्णबहादुर स्याङ्गतान | /भिम बहादुर लामा | बिरबल हिमडुङ्ग |
| २७ | हेटौडा | शान्ती माया दाङ्ग | निमुवाटार-७, मकवानपुर | भिमफेदी-१, मकवानपुर | ३१३०४४/३६ | २०६३/०१/२४ | मकवानपुर | बिर बहादुर दोङ्ग | सन्त बहादुर स्याङ्गतान | /ईन्द्र बहादुर दोङ्ग | अन्जु माया थिङ |
| २८ | हेटौडा | सानु मैया राना मगर | कोगटे-६, मकवानपुर | मकवानपुरगढी-४, मकवानपुर | २७३०३ | २०५०/१०/२७ | मकवानपुर | जित बहादुर राना मगर | कृष्ण बहादुर आले मगर | /तिलक बहादुर राना मगर | जित बहादुर राना मगर |
| २९ | हेटौडा | सुरुती लामा स्याङ्गतान | हेटौडा-५, मकवानपुर | हेटौडा ५, मकवानपुर | ३१-०१-०७३-०७४९० | २०७३/०६/१६ | मकवानपुर | संजय लामा | नर बहादुर रुम्बा | /बिर बहादुर लामा स्याङ्गतान | संजय लामा |
| ३० | हेटौडा | खेम कुमार बासुकला | हेटौडा-४, मकवानपुर | हेटौडा -४, मकवानपुर | ४८९३ | २०४०/०६/१० | मकवानपुर | ईन्दु बासुकला | काजी लाल बासुकला | पूर्ण सिंह बासुकला | ईन्दु बासुकला |
| ३१ | हेटौडा | बुलबुल स्याङ्गतान | हेटौडा -५, मकवानपुर | हेटौडा -५, मकवानपुर | २०/२३९ | २०५७/०४/१७ | मकवानपुर | टिकाराम स्याङ्गतान | छोटे लामा | /साईला स्याङ्गतान | टिकाराम स्याङ्गतान |
| ३२ | हेटौडा | कुमारी ज्योती | वीरगञ्ज-५, पर्सा | हेटौडा ४, मकवानपुर | ३४३०२२-१४/१७ | २०६३/१२/३० | पर्सा | मनिल कुमार कर्ण | कुलानन्द कर्ण | /राम नारायण लाल कर्ण | मनिल कुमार कर्ण |
| ३३ | हेटौडा | मालती मुक्तान | हेटौडा-४, मकवानपुर | हेटौडा -४, मकवानपुर | ३१-०१-०७२-००१९५ | २०७२/०१/०७ | मकवानपुर | प्रितम मोक्तान | राज कुमार दोङ्ग | /जय बहादुर मुक्तान | बसन्ती श्रेष्ठ |
| ३४ | हेटौडा | अनिता खतिवडा बन्जारा | हेटौडा-११, मकवानपुर | हेटौडा -११, मकवानपुर | ३११०२३/९०४५३ | २०६८/०८/१८ | मकवानपुर | बिष्णु प्रसाद बन्जारा | शम्भु प्रसाद खतिवाडा | /राम प्रसाद बन्जारा | बिष्णु प्रसाद बन्जारा |
| ३५ | हेटौडा | प्रमिला पाख्रिन | हेटौडा-१०, मकवानपुर | हेटौडा -१०, मकवानपुर | ५३३० | २०६०/०३/०३ | मकवानपुर | बिनोद बहादुर पाख्रिन | पदम बहादुर श्रेष्ठ | /बिर बहादुर पाख्रिन | बिनोद बहादुर पाख्रिन |
| ३६ | हेटौडा | सन्चलाल न्यासुर | ठिंगन-१, मकवानपुर | बकैया-८, मकवानपुर | ५०/३३१९५ | २०६२/१२/१४ | मकवानपुर | मन्जु माया न्यासुर | सागर सिंह नेसुर | आइमान सिंह नेसुर | मन्जु माया न्यासुर |
| ३७ | हेटौडा | शर्मिला नेपाल | पृथ्वीनाराथण-१, गोरखा | हेटौडा -३, मकवानपुर | १३७१०९ | २०६३/०१/२० | गोरखा | गोबिन्द बहादुर नेपाल | शम्भुमान नकर्मी | /श्रीराम नेपाल | गोबिन्द बहादुर नेपाल |
| ३८ | मनुवा | राधा देवी | बागबाना-२, पर्सा | पर्सागढी न.पा.-२,बागबाना, पर्सा | ४१५६२४१७ | २०६१/१२/१७ | पर्सा | राजदेव राउत थारु | इनरमान नाथ थारु | /बन्नु राउत थारु | भिषमा राउत थारु |
| ३९ | मनुवा | सँतोलिया देवी थरुनी | हरपर-८, पर्सा | पर्सागढी न.पा.-९,बडेर्वा, पर्सा | वि.द. ३५ | २०६८/०३/०१ | पर्सा | श्रीराम खाँव थारु | बसदेव खाँ थारु | /बनु खाँ थारु | श्रीराम खाँव थारु |
| ४० | मनुवा | चनरावती देवी सहनी | पर्सागढी-३, पुर्सा | पर्सागढी न.पा.-३,बढनिहार, पर्सा | ३४-०१-७६-०२८९२ | २०७६/०२/२९ | पर्सा | बिरेन्द्र सहनी | कारी सहनी गोढी | /महन्थ सहनी | बिरेन्द्र सहनी |
| ४१ | मनुवा | बचुवा देवी राम | हरपर-३, पर्सा | पर्सागढी न.पा.-८,हरपुर, पर्सा | ३४-०१-७०-००३६३ | २०७०/०१/१३ | पर्सा | लछुमन राम चमार | कारी महरा चमार | /देवनन राम चमार | लछुमन राम चमार |
| ४२ | मनुवा | जानकी कुमारी थरुनी | सोनबसा-४, पर्सा | पर्सागढी न.पा.-२,बागबाना, पर्सा | ३४१०७४/४२२ | २०६८/०१/१४ | पर्सा | कामेश्वर ओझा | राजेश्वर महतो थारु | /ब्रहमदेव ओझा | कामेश्वर ओझा |
| ४३ | मनुवा | दिपनी देवी थरुनी | बागबाना-८, पर्सा | पर्सागढी न.पा.-१,सानो मनवा, पर्सा | ३४-०१-७०-०५३३८ | २०७०/०४/०९ | पर्सा | बेचन धामी थारु | रामदत पटवारी | /ननु धामी थारु | बेचन धामी थारु |
| ४४ | मनुवा | रेखा देवी हजरा | उमजन-३, बारा | जि.सि.उ.म.न.पा.-९,छातापिपरा, पर्सा | ३३३०२७/७२ | २०७०/०२/२९ | बारा | महेश हजरा | हरी हजरा | /जोगिन्द्र हजरा | महेश हजरा |
| ४५ | मनुवा | जटाही माझी | भवानीपुर-४, बारा | जि.सि.उमनपा.-६,नगौल, पर्सा | १२९०/०३६ | २०५३/०४/०८ | बारा | नमी माझी मुसहर | भुटन माझी मुसहर | /जँगली माझी | जितेन्द्र माझी |
| ४६ | मनुवा | जसबानी खातुन | सुगौली बिर्ता-१, पर्सा | जि.सि.उमनपा.-६,नगौल, पर्सा | ९०६३२८४१ | २०६३/०६/०५ | पर्सा | जाकिर हुसैन अँसारी | बागड मियाँ | /मकबुल मिया अँसारी | जाकिर हुसैन अँसारी |
| ४७ | मनुवा | पुतरीया देवी | हरपर-८, पर्सा | पर्सागढी न.पा.-२,बागबाना, पर्सा | ३४-०१-७२-०४२५२ | २०७२/०८/०८ | पर्सा | अमरदेव महतो थारु | दशै चौधरी | /लक्ष्मी महतो थारु | अमरदेव महतो थारु |
| ४८ | मनुवा | परम शिला देवी | हरपर-३, पर्सा | पर्सागढी न.पा.-८,हरपुर, पर्सा | ३६६४२७९८ | २०५९/१२/१० | पर्सा | नरेन्द्र दास थारु | मनी लाल दास थारु | /दुर्गा दास थारु | नरेन्द्र दास थारु |
| ४९ | मनुवा | बसन्ती देवी थरुनी | मधुवनमथौल-५, पर्सा | सखुवा प्रसौनी गा.पा.-१,सिद्यपुर, पर्सा | ३४१०४८/४३५ | २०४८/०३/०४ | पर्सा | प्रयाग खाँ थारु | थुरा थारु | /चनर खाँ थारु | प्रयाग खाँ थारु |
| ५० | मनुवा | श्रीमती देवी थरुनी | मधुवनमथौल-५, पर्सा | सखुवा प्रसौनी गा.पा.-१,सिद्यपुर, पर्सा | ३४१०४८/५७३ | २०६८/०३/०१ | पर्सा | बिस मोहन खाँ थारु | तुलसी खवास थारु | /बन्हु खाँ थारु | बिस मोहन खाँ थारु |
| ५१ | मनुवा | मिना कुमारी चौरसिया | बहुअर्वा भाटा-१, पर्सा | पर्सागढी न.पा.-४,छोटैली, पर्सा | १८८८/०५२३२० | २०४४/१२/१२ | पर्सा | राजु प्रसाद चौरसिया | अमरदेव राउत | सितम प्रसाद चौरसिया | राजु प्रसाद चौरसिया |
| ५२ | मनुवा | बैजनथिया देवी थारु | सखुवा प्रसौनी-२, पर्सा | सखुवा प्रसौनी गा.पा.-२, पर्सा | ३४-०१-७५-१६४७८ | २०७५/११/०५ | पर्सा | बिजय दास थारु | छठु पँजीयार थारु | /जै दास | बिजय दास थारु |
| ५३ | परवानीपुर | सहोदरी देवी खुल्वट | मनियारी-५, पर्सा | बि.म.न.पा.-२२, जगरनाथपुर, पर्सा | ६०४८१९६५ | २०५५/०४/११ | पर्सा | सुखाडी महतो खुलोट | रघुनाथ महतो | /सर्जुग महतो खुलोट | सुखाडी महतो खुलोट |
| ५४ | परवानीपुर | चाम्पा देवी | मनियारी-५, पर्सा | बि.म.न.पा.-२२, जगरनाथपुर, पर्सा | ६०४८२५१४ | २०६३/०५/०८ | पर्सा | मुनीलाल महतो | मदन सहनी मलाह | /विसनाथ महतो | मुनीलाल महतो |
| ५५ | परवानीपुर | ईन्दु देवी | मनियारी-५, पर्सा | बि.म.न.पा.-२२, जगरनाथपुर, पर्सा | ३४१०५१/१११ | २०६५/०२/१२ | पर्सा | दशरथ साह तुरहा | भोला साह तुरहा | /बचन साह तुरहा | दशरथ साह तुरहा |
| ५६ | परवानीपुर | पुनम देवी खुल्वटीन | परवानीपुर-२, बारा | परवानीपुर-३, रामपुरटोकनी, पर्सा | ३३-०१-७४-०६८४८ | २०७४/०७/२० | बारा | संतोष कुमार राउत | परसुराम महतो चाई | /रामदेव राउत खुलवट | संतोष कुमार राउत |
| ५७ | परवानीपुर | सीता देवी | रामपुर टोकनी-४, बारा | परवानीपुर-३, रामपुरटोकनी, पर्सा | ३३१०९७/२८८२ | २०६८/०४/०८ | बारा | सोनालाल महतो | किसोरी महतो | /जगजिवन महतो | सोनालाल महतो |

## प्रधानमन्त्री क्रिकेट कपः

# पुलिस क्लबलाई ५० रनले हराउँदै लुम्बिनी प्रदेशको जीत




**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले आइतबार वीरगंजको नारायणी क्रिकेट मैदानमा विभागीय टोली नेपाल पुलिस क्लबमाथि ५० रनले जीत हासिल गरेको छ । २५७ रनको लक्ष्य पछ्याएको पुलिस क्लबलाई लुम्बिनीले २०६ रनमै समेट्दै महत्वपूर्ण जीत हात पारेको हो ।

पुलिसका लागि ओपनर दिनेश खरेल १०४ बलमा ९४ रन बनाए पनि हार टार्न सकेनन् । उनले १० चौका र ६ छक्का प्रहार गरे । दिनेशलाई ३२औँ ओभरमा लुम्बिनीका देव खनालले आउट गरेका थिए । पुलिसका अन्य ब्याटरमध्ये सरवन यादवले ३६, दिलसाद अलिले २२, करण केसीले १४ र शंकर रानाले १२ रन मात्र जोड्न सके ।

लुम्बिनीका बलर अजय चौहानले ९.५ ओभर बलिङ गर्दै ३७ रन खर्चेर चार विकेट लिए । उनले कप्तान आरिफ शेख, अभिनाश कर्ण, करण केसी र सरवन यादवलाई पभेलियन फर्काए । त्यस्तै, कप्तान देव खनालले तीन विकेट लिए भने बिर मगर, निर्मल गुरुङ र सन्तोष यादवले समान एक÷एक विकेट लिए ।

यसअघि पुलिसले टस जितेर ब्याटिङ दिने निर्णय गरेको थियो । लुम्बिनीका ओपनर रञ्जित खड्काको १२८ बलमा १२८ रनको शतकीय इनिङले टोलीलाई २५६ रनको बलियो योगफल दिलायो । उनले १३ चौका र ३ छक्का प्रहार गरे । आकाश त्रिपाठीले ३६ र दर्श सोनारले ३३ रन जोड्दै राम्रै सहयोग गरे ।

पुलिसतर्फ ललित राजवंशीले तीन विकेट लिए भने रासिद खान र दिनेश खरेलले समान दुई÷दुई विकेट हात पारे । करण केसी, आरिफ शेख र दिपक सेरालाले एक÷एक विकेट लिए ।

यस जितसँगै लुम्बिनी सात अंकसहित तालिकाको चौथो स्थानमा उक्लिएको छ, जबकि पुलिस समान सात अंकसहित तेस्रो स्थानमै छ ।

# शुद्ध खानेपानीको व्यवस्था

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२, छपकैया स्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा शुद्ध खानेपानीको व्यवस्था गरिएको छ ।

सेवाग्राही, सुरक्षाकर्मी तथा सर्वसाधारणको सहजताका लागि केन्द्रमा १०० लिटर क्षमताको वाटर फिल्टर कूलर जडान गरिएको हो ।

सामुदायिक प्रहरी सेवा केन्द्र छपकैया–२ का अध्यक्ष हाजी ग्यासुद्दिन ठाकुराइको पहलमा र रुङ्टा वेलफेयर सोसाइटीका प्रतिनिधि सुरेश रुङ्टाको सहयोगमा उक्त फिल्टर उपलब्ध गराइएको हो । उपकार सेवाले यस अघि पनि विभिन्न गाउँ टोलमा पुगेर अति आवश्यक सामाजिक तथा मानवीय सेवाहरू प्रदान गर्दै आएको छ ।

# नेशनल मेडिकल कलेजमा ‘स्पोर्ट्स वीक’ सुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा स्पोर्ट्स वीक २०८२ को उद्घाटन समारोह सम्पन्न भएको छ । कलेज परिसरको फुटबल मैदानमा बिहान ९ः३० बजेदेखि सुरु भएको कार्यक्रममा विद्यार्थी, शिक्षक र कर्मचारीहरूको उल्लेखनीय सहभागिता देखिएको थियो ।

कार्यक्रम कलेजका प्रिन्सिपल प्रा.डा. के.एन. सिंहको अध्यक्षतामा सम्पन्न भएको हो भने प्रबन्ध निर्देशक शहनवाज अन्सारी प्रमुख अतिथिका रूपमा सहभागी रहेका थिए ।

त्यसैगरी एडमिशन तथा मार्केटिङ निर्देशक अबिद हुसैन अन्सारी, अस्पताल निर्देशक डा. इश्रत जहाँ अन्सारी, उप–प्राचार्य डा. रवि शंकर गुप्ता, डेन्टल उप–प्राचार्य प्रा. डा. सरोज देव, नर्सिङ निर्देशक प्रा. गंगा गुरुङ तथा नर्सिङ क्याम्पसकी उप–प्राचार्य प्रा. बबिता सिंहलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

स्पोर्ट्स चेयरपर्सन प्रा. डा. आनन्द कुमार चौरेसिया, सदस्य सचिव जाफ्रे आलम अन्सारी र को–अर्डिनेटर मोहम्मद फिरोजले कार्यक्रम व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गरेका थिए ।

साथै मधेश प्रदेशका राष्ट्रिय क्रिकेट टोलीका कप्तान हाशिम अन्सारीको विशेष उपस्थितिले कार्यक्रमको गरिमा अझ बढाएको थियो ।

कार्यक्रममा अध्यक्ष, प्रमुख तथा विशेष अतिथिहरूले मन्तव्य राख्दै खेलकुदले विद्यार्थीहरूको शारीरिक तन्दुरुस्ती, अनुशासन र नेतृत्व क्षमताको विकासमा महत्वपूर्ण योगदान पु¥याउने धारणा व्यक्त गरेका थिए । कार्यक्रमका क्रममा विभिन्न संकायका विद्यार्थीहरूले आकर्षक मार्चपास्ट प्रस्तुत गरेका थिए ।

स्वयंसेवकहरूलाई खेल सामग्री वितरण गरिएको थियो । उद्घाटनको मुख्य आकर्षणका रूपमा विद्यार्थी र शिक्षकबीच मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भएको थियो । कार्यक्रममा आईटी, मार्केटिङ, प्रशासन तथा सञ्चार क्षेत्रका प्रतिनिधिहरूको पनि उल्लेखनीय सहभागिता देखिएको थियो ।

स्पोर्ट्स वीक २०८२ अन्तर्गत आगामी दिनहरूमा विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिने कलेजका प्रेस सल्लाहकार आशिक अन्सारीले जानकारी दिएका छन् ।

# एसईई परीक्षाः

## अँग्रेजी विषयको कपी जाँच सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अङ्ग्रेजी विषयको कपी जाँच आइतबार साँझसम्म सम्पन्न भएको छ । जाँच सकिएसँगै कपीहरू सम्बन्धित केन्द्रमा पठाइएको शिक्षा विकास तथा समन्वय इकाइ पर्साले जनाएको छ ।

इकाइ प्रमुख मोतीप्रसाद भट्टराईले अङ्ग्रेजी विषयको कपी जाँच प्रक्रिया अन्तिम चरणमा रहेको जनाए । यस्तै उनले नेपाली विषयको कपी जाँच भोलि र गणितको पर्सिसम्म सक्ने लक्ष्य लिएको बताए । यद्यपी, हालसम्म कपी जाँच भइसकेको भन्नेबारे यकिन नभएको उनको भनाइ छ ।

यहि चैत्र २० गतेदेखि सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को पहिलो दिन सम्पन्न अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा सकिएलगत्तै कपी परीक्षण कार्य अघि बढाइएको थियो ।

सरकारले हरेक विषयको परीक्षाको कपी जाँच तीन दिनभित्र सम्पन्न गरी बोर्डमा पठाउन दिएको आदेश बमोजिम पर्सामा पनि सोही रणनीति पालना गरिएको हो ।

भट्टराईका अनुसार नृसिंह मावि, सिद्धार्थ मावि, श्री नेरामवि श्रीपुर र त्रिजुद्ध मावि गरी यि ४ परीक्षण केन्द्रमा ५५ जना विषयगत शिक्षकहरू कपी परीक्षणमा खटिएका छन् ।

# जनकपुरमा १२औँ स्नातकोत्तर सम्मेलन सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अनुसन्धान र नवप्रवर्तनसम्बन्धी विषयमा केन्द्रित १२ औँ स्नातकोत्तर सम्मेलन आइतबारदेखि जनकपुरधाममा सुरु भएको छ । राजर्षि जनक विश्वविद्यालय को अनुसन्धान केन्द्रको आयोजनामा भएको सम्मेलनको उद्घाटन गर्दै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान का उपकुलपति डा. अंकुर साहले मुलुकको समग्र विकासका लागि अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने बताए ।

उनले नेपालमा अनुसन्धान र नवप्रवर्तनका उदीयमान क्षेत्रबारे चर्चा गर्दै ज्ञान–आधारित विकासका लागि अनुसन्धान आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा डा. अमरप्रसाद यादव ले उच्च शिक्षामा अनुसन्धानमुखी वातावरण बनाउन विश्वविद्यालयले विभिन्न पहल गरिरहेको जानकारी दिए । विश्वविद्यालयका रजिस्ट्रार सत्यनारायण साहले अनुसन्धानको गुणस्तर अभिवृद्धि र दक्ष जनशक्ति उत्पादनमा विश्वविद्यालय प्रतिबद्ध रहेको बताए ।

सम्मेलनमा शिक्षा, स्वास्थ्य, विज्ञान, प्रविधि तथा समाजशास्त्रलगायत क्षेत्रमा स्नातकोत्तर तहका विद्यार्थीहरूले आफ्ना अनुसन्धानमूलक कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

## सिर्सिया नदीः

# मौनताको अन्त्यतर्फ नयाँ सरकारलाई ध्यानाकर्षण



**प्रिया मिश्र ‘मन्नु’**
**वीरगंज ।**
सिर्सिया नदी आज केवल एउटा भौगोलिक धारा मात्र होइन, यो हाम्रो सामूहिक चेतनाको परीक्षणस्थल बनेको छ । वीरगंजको मुटु हुँदै बग्ने यो नदी कुनै समय जीवन, उर्जा र समृद्धिको प्रतीक थियो । यसको पानीले खेतबारी सिँचाइ गथ्र्यो, बस्तीलाई जीवन दिन्थ्यो, र मानिसहरूको दैनिकीसँग गहिरो सम्बन्ध राख्थ्यो । तर विडम्बना, आज यही सिर्सिया नदी दुर्गन्ध, प्रदूषण र उपेक्षाको पर्याय बनेको छ । तीन दशकभन्दा बढी समयदेखि निरन्तर भइरहेको प्रदूषणले यसलाई नदीभन्दा बढी खुला नालीजस्तो बनाइदिएको छ । यस्तो अवस्थामा सबैभन्दा ठूलो प्रश्न उठ्छ ‘किन जनप्रतिनिधिहरू मौन छन् ? र अब नयाँ सरकारसँग हाम्रो अपेक्षा के हो’ ?

सिर्सिया नदीको समस्या केवल एउटा वातावरणीय संकट होइन, यो शासन व्यवस्थाको गम्भीर असफलताको प्रतिविम्ब हो । पर्सा–बारा औद्योगिक कोरिडोरलाई देशको आर्थिक मेरुदण्डको रूपमा चित्रण गरिन्छ । उद्योग, रोजगारी र विकासका नाममा गर्व गरिन्छ । तर यही विकासको नाममा सिर्सियालाई विषाक्त बनाइँदैछ । उद्योगहरूबाट निस्कने रसायनयुक्त फोहोर पानी, प्लास्टिक र अन्य हानिकारक पदार्थ कुनै प्रशोधनबिनै सिधै नदीमा मिसाइन्छ । यस्तो क्रियाकलापले केवल नदीलाई मात्र होइन, मानिसहरूको स्वास्थ्य र भविष्यलाई पनि गम्भीर जोखिममा पारेको छ ।

नयाँ सरकारका लागि यो एउटा ठूलो परीक्षा हो । विगतका सरकारहरूले जसरी यो समस्यालाई बेवास्ता गरे, त्यसलाई निरन्तरता दिनु अब विकल्प होइन । अब निर्णायक कदम चाल्नैपर्छ । पहिलो आवश्यकता भनेको कडा कानुनी कार्यान्वयन हो । वातावरणीय कानुनहरू कागजमा मात्र सीमित हुनुहुँदैन । उद्योगहरूले फोहोर पानी प्रशोधन नगरी नदीमा फाल्ने अभ्यास तुरुन्त बन्द गरिनुपर्छ । यसको लागि प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्नुपर्छ, जसले नियमित रूपमा उद्योगहरूको गतिविधि जाँच गर्न सकोस् ।

दोस्रो, नयाँ सरकारले दीर्घकालीन योजना बनाउनुपर्छ । सिर्सिया नदीको पुनस्र्थापना केवल एक–दुई वर्षको काम होइन । यसको लागि स्पष्ट कार्ययोजना, पर्याप्त बजेट र दीर्घकालीन प्रतिबद्धता आवश्यक छ । नदी सफाइ अभियानलाई केवल देखावटी कार्यक्रमको रूपमा होइन, परिणाममुखी पहलको रूपमा अघि बढाउनुपर्छ । आधुनिक प्रविधिको प्रयोग गरेर पानीको गुणस्तर सुधार गर्ने उपायहरू अवलम्बन गर्नुपर्छ । तेस्रो, उद्योगहरूको उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ । उद्योगहरू आर्थिक विकासका लागि आवश्यक छन्, तर उनीहरूको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ ।

‘उद्योग पलायन हुन्छ’ भन्ने डर देखाएर वातावरणीय मापदण्ड उल्लङ्घन गर्न दिनु गलत हो । बरु, सरकारले स्पष्ट सन्देश दिनुपर्छ नियम पालना नगर्ने उद्योगहरूलाई कुनै सहुलियत दिइने छैन । यसका साथै, वातावरणमैत्री प्रविधि अपनाउने उद्योगहरूलाई प्रोत्साहन दिन सकिन्छ ।

चौथो, स्थानीय समुदायको सहभागिता अत्यावश्यक छ । सिर्सिया नदीसँग प्रत्यक्ष रूपमा प्रभावित हुनेहरू स्थानीय बासिन्दा नै हुन् । उनीहरूको आवाज सुन्नु र उनीहरूलाई समाधान प्रक्रियामा समावेश गर्नु अत्यन्त जरुरी छ । जनचेतना अभिवृद्धि गर्नुपर्छ, ताकि मानिसहरू आफैं पनि नदी संरक्षणमा सक्रिय भूमिका खेल्न सकून् ।

युवाहरूको भूमिका यस सन्दर्भमा उल्लेखनीय छ । हालका दिनहरूमा युवाहरूले सिर्सिया नदीको पक्षमा आवाज उठाउन थालेका छन् । उनीहरू केवल विरोध मात्र गरिरहेका छैनन्, समाधान पनि खोजिरहेका छन् । नयाँ सरकारले युवाहरूको यो ऊर्जा र प्रतिबद्धतालाई सकारात्मक रूपमा उपयोग गर्नुपर्छ । युवाहरूलाई नीति निर्माण र कार्यान्वयन प्रक्रियामा सहभागी गराएर दीर्घकालीन परिवर्तन सम्भव बनाउन सकिन्छ ।

समाजसेवी र गैरसरकारी संस्थाहरूको भूमिका पनि महत्वपूर्ण छ । तर अब केवल गोष्ठी र फोटो सेसनमा सीमित रहने समय समाप्त भएको छ । वास्तविक काम मैदानमा देखिनुपर्छ । सिर्सिया नदीको किनारमा उभिएर यसको दुर्गन्ध महसुस गर्ने र त्यसलाई परिवर्तन गर्ने साहस आवश्यक छ । सिर्सिया नदीको पुनर्जीवन केवल वातावरणीय सुधार होइन, यो सामाजिक र सांस्कृतिक पुनर्जागरण पनि हो । नदीसँग हाम्रो इतिहास, संस्कृति र पहिचान जोडिएको छ । यदि नदी मर्छ भने हाम्रो संस्कृति पनि कमजोर हुन्छ । त्यसैले, यसलाई बचाउनु केवल एउटा विकल्प होइन, हाम्रो दायित्व हो ।

नयाँ सरकारसँग स्पष्ट अपेक्षा छ मौनता तोड्नुहोस् । निर्णय लिनुहोस् । कार्यान्वयन गर्नुहोस् । दोषारोपणको राजनीति अन्त्य गर्नुहोस् । केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरेर ठोस कदम चाल्नुहोस् । सिर्सिया नदीलाई पुनर्जीवित गर्नु केवल सम्भव मात्र होइन, आवश्यक पनि छ । यदि आज हामीले कदम चाल्यौं भने भोलि सिर्सिया फेरि जीवनको प्रतीक बन्न सक्छ । तर यदि हामी अझै मौन रह्यौं भने, भविष्यका पुस्ताले हामीलाई माफ गर्ने छैनन् । उनीहरूले सोध्नेछन् ‘तिमीहरूलाई सबै थाहा थियो, तर किन केही गरेनौ ?’ त्यस प्रश्नको उत्तर दिन सक्ने साहस आजै निर्माण गर्नुपर्छ ।

अन्ततः, सिर्सिया नदीको अवस्था हाम्रो सामूहिक चेतनाको ऐना हो । यसलाई सुधार्नु भनेको हाम्रो समाजलाई सुधार्नु हो । नयाँ सरकारले यदि यसलाई प्राथमिकतामा राखेर काम गर्छ भने, यो केवल एउटा नदीको पुनर्जीवन मात्र हुनेछैन, यो विश्वासको पुनस्र्थापना पनि हुनेछ कि परिवर्तन सम्भव छ, यदि इच्छा शक्ति छ भने ।

# सात महिनामा चार सय १७ विद्युतीय गाडी भित्रियो



**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु एक अर्ब ४८ करोड ६४ लाख मूल्य पर्ने चार सय १७ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ । ती विद्युतीय सवारीसाधनको आयातबाट कार्यालयले रु ९६ करोड ३६ लाख राजस्व सङ्कलन गरेको छ । जबकि गत आवको सोही अवधिमा भने रु ४३ करोड एक लाख मूल्य पर्ने एक सय ६५ वटा विद्युतीय, जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले रु ३५ करोड ५० लाख राजस्व सङ्कलन गरेको थियो ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत आवको सात महिनाको तुलनामा विद्युतीय सवारीसाधनको आयात ह्वात्तै बढेको छ । चालु आवको सात महिनामा रु ८० करोड ५७ लाखका मूल्यका हजार एक सय २८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने रु ४४ करोड तीन लाख मूल्यका तीन हजार ३७४ वटा विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

चालु आवको सात महिनामा रु एक अर्ब १६ करोड १३ लाखका छ सय नौ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले रु दुई अर्ब ८६ करोड राजस्व सङ्कलन गरेको छ । जबकि गत आवको सात महिनामा भने रु एक अर्ब ५० करोड मूल्यका सात सय ४८ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको थियो । सो आवमा इन्धनबाट चल्ने सवारीसाधन आयातबाट रु तीन अर्ब ७३ करोड राजस्व सङ्कलन भएको थियो । कार्यालयले चालु आवको सात महिनामा रु २३ अर्ब ५७ करोड मूल्यका सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका छन् । जबकि गत आवको सात महिनामा रु १७ अर्ब १५ करोड मूल्यका सवारीसाधन र पार्टपुर्जा आयात हुँदा रु १३ अर्ब २६ करोड राजस्व सङ्कलन भएको थियो । रासस

## सम्पादकीय

# ‘सिर्सिया नदी’ उद्योगीको अटेरी, सरकारको लाचारी !

बाराको जितपुर–सिमरा उपमहानगरपालिका–३ स्थित रामवनबाट उत्पत्ति भएर वीरगंज हुँदै भारतसम्म बग्ने सिर्सिया नदी आज केवल पानीको बहाव मात्र होइन, राज्यको लाचारी, उद्योगीको मनोमानी र कमजोर कार्यान्वयनको ज्वलन्त प्रतीक बनेको छ। तीन दशकअघि जीवनदायी मानिएको यो नदी अहिले विषाक्त बगिरहेको छ, जसले हजारौं नागरिकको स्वास्थ्य र भविष्यलाई जोखिममा पारेको छ। बारा–पर्सा औद्योगिक करिडोरमा रहेका करिब २५ सय उद्योगमध्ये ठूलो हिस्सा वातावरणीय दायित्वबाट पन्छिँदै आएको छ।

प्रशोधन नगरी सिधै नदीमा फोहोर पानी मिसाउने, भूमिगत नालाबाट रसायनयुक्त ढल छोड्ने, नदी किनारमै खरानी र औद्योगिक अवशेष थुपार्ने, यी सबै गतिविधि खुलेआम भइरहेका छन्। छाला, डिस्टिलरी, टेक्सटाइल, सिमेन्ट र साबुन उद्योगहरूले सिर्सियालाई ‘डम्पिङ साइट’ बनाएका छन्। नतिजा ‘नदीको पानी कालो, दुर्गन्धित र घातक बनेको छ’।

सबैभन्दा भयावह पक्ष भनेको यसले मानव स्वास्थ्यमा पारेको असर हो। जुन पानी कहिल्यै छालाका रोग निको पार्ने विश्वास गरिन्थ्यो, त्यही पानी आज क्यान्सर, मुटु रोग र श्वासप्रश्वास सम्बन्धी समस्याको कारक बनेको छ। नदी किनारका बासिन्दा दुर्गन्ध सहन बाध्य छन्, हावा चल्दा उड्ने खरानीले फोक्सोमा प्रहार गरिरहेको छ। यो केवल वातावरणीय संकट होइन यो सार्वजनिक स्वास्थ्य आपतकाल हो। विडम्बना, नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्ने अधिकार सुनिश्चित गरेको छ। प्रदूषण गर्नेहरूलाई १० वर्षसम्म कैदको प्रावधान पनि छ। तर व्यवहारमा, यी कानुनी प्रावधान कागजमै सीमित छन्। २०६७ सालमा बनेको अनुगमन समितिको प्रतिवेदनले दोषी उद्योगहरू किटान गरे पनि १५ वर्षसम्म कुनै कारबाही हुन नसक्नु राज्य संयन्त्रको असफलताको स्पष्ट प्रमाण हो।

सिर्सिया बचाउन नागरिक तहबाट पनि प्रयास भएका छन्। अधिवक्ता सुरेन्द्र कुर्मीको नेतृत्वमा ७ वर्षसम्म संघर्ष, अदालतमा मुद्दा, सडक आन्दोलन सबै भए। तर अदालतले ‘हकदैयाको अभाव’ भन्दै मुद्दा खारेज ग¥यो, उद्योगहरूले ‘ट्रिटमेन्ट प्लान्ट’ भएको दाबी गर्दै पन्छिए। परिणाम ‘शून्य’। वीरगंज महानगरपालिकाले पनि केही समय सक्रियता देखायो। जरिवाना, चेतावनी, अनुगमन तर त्यो पनि देखावटीमै सीमित रह्यो। उद्योगीहरू खुलेआम अटेरी गरिरहेका छन्। स्थानीय सरकारको निर्देशनलाई बेवास्ता गर्ने अवस्था किन आयो ? के राज्य उद्योगीको प्रभावमा यति कमजोर भइसकेको हो ?

अब प्रश्न उठ्छ सिर्सिया नदीको जिम्मेवारी कसले लिने ? स्थानीय सरकार असफल, प्रशासन निष्क्रिय, अदालत प्रक्रियागत सीमामा बाँधिएको, अब संघीय सरकारको प्रत्यक्ष हस्तक्षेप अपरिहार्य देखिएको छ। सांसदहरूले प्रधानमन्त्रीसमक्ष गुहार्नु आफैंमा स्थानीय संरचनाको विफलताको संकेत हो। सिर्सिया नदी अब केवल सफाइको विषय होइन यो राजनीतिक इच्छाशक्ति, कानुनी कार्यान्वयन र जनस्वास्थ्यको परीक्षा हो। यदि अझै पनि कठोर कदम चालिएन भने, यो नदीसँगै यहाँका नागरिकहरूको जीवन पनि बगेर जानेछ। अब पनि राज्य मौन बस्ने हो भने इतिहासले यसलाई क्षमा गर्ने छैन।

# जातीय विभेदविरुद्धको जीवित सङ्ग्रहालय

राजेन्द्रप्रसाद पनेरु



**कञ्चनपुर।**
संविधान, कानुन र नीतिगत व्यवस्थाले जातीय विभेद र छुवाछूतलाई निषेध गरेपनि व्यवहारमा भने यसको अवशेष अझै समाजका विभिन्न क्षेत्रमा जरो गाडेर बसेको देखिन्छ। विशेषगरी ग्रामीण समाजमा परम्परा, संस्कार र सामाजिक संरचनासँग गासिएर बसेको जातीय विभेद् पूर्ण रूपमा अन्त्य हुन अझै समय लाग्ने देखिन्छ। राजनीतिक, सामाजिक र बौद्धिक मञ्चहरूमा समानता, समावेशिता र सामाजिक न्यायका कुरा व्यापक रूपमा उठाइए पनि व्यवहारमा समानता स्थापित गर्न चुनौती कायमै छ। तर सुदूरपश्चिम प्रदेशको बैतडीमा रहेको पाटन नगरपालिका–३ स्थित वनारसीधाम तथा विश्वनाथ ज्योतिर्लिङ्ग शक्तिपीठ भने ४१८ वर्षअघि नै सामाजिक समानताको अभ्यास सुरु गरिएको एउटा ऐतिहासिक स्थलका रूपमा चिनिन्छ।

यस शक्तिपीठमा दलित र ब्राह्मण पुजारीले एउटै धाम क्षेत्रमा संयुक्त रूपमा पूजा–अर्चना गर्दै आएका छन्। यही परम्पराका कारण वनारसी धामलाई जातीय विभेदविरुद्धको एउटा ऐतिहासिक ‘लिभिङ म्युजियम’ अर्थात् जीवित सङ्ग्रहालयका रूपमा लिन सकिन्छ। तर विडम्बना, जातीय समानताको यस्तो ऐतिहासिक सन्देश बोकेको धाम भने विकासका हिसाबले अझै पछाडि परेको छ। करोडौँको गुरुयोजना बजेट अभावमा कागजमै सीमित रहेको छ। विशेषगरी धार्मिक क्षेत्रलाई उच्च जातिको अधिकार क्षेत्र मानिने र दलित समुदायलाई मन्दिर प्रवेशदेखि पूजा–अर्चनासम्म प्रतिबन्ध लगाउने परम्परा लामो समयसम्म कायम थियो तर बैतडीको वनारसीधाममा भने यो परम्परा उल्टो देखिन्छ। यहाँ दलित र ब्राह्मण पुजारीले संयुक्तरूपमा पूजा गर्ने, प्रसाद वितरण गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने परम्परा चार सय वर्षभन्दा लामो समयदेखि निरन्तर चल्दै आएको धाम क्षेत्रको इतिहासको खोजी गर्दै आएका अनुसन्धानकर्ता तथा आचार्य पण्डित गणेशप्रसाद पन्त बताउँछन्।

उनका अनुसार वनारसीधामको इतिहास तत्कालीन स्वराड क्षेत्रका महाराजा मानुक चन्द (मनि चन्द) को शासनकालसँग जोडिएको पाइन्छ। इतिहासअनुसार १६०४ सालतिर स्वराड क्षेत्रमा जातीय विभेद चरममा थियो। समाजमा छुवाछूत, सामाजिक भेदभाव र जातीय विभाजनका कारण सामाजिक सद्भाव खल्बलिन थालेपछि राजा मानुक चन्दले यसको समाधान खोज्न राजगुरु तथा राजज्योतिषी वीरभद्र पन्तलाई निर्देशन दिएका थिए। ‘राजगुरुको पहलमा विभिन्न जात–समुदायका प्रतिनिधिहरूको बैठक बोलाइएको थियो’, आचार्य पन्तले भने, ‘उक्त बैठकमा पण्डित, भट्ट, भाट, विष्ट, अवस्थी, कोली, दमाई, लुहार, कुमाल, पहरीलगायत विभिन्न जात–समुदायका प्रतिनिधिहरू सहभागी भएका थिए, लामो छलफलपछि एउटा ऐतिहासिक निर्णय भयो धर्म, पूजा र धार्मिक आस्थाको क्षेत्रमा कुनै पनि प्रकारको जातीय विभेद हुनु हुँदैन, गरिनु हुँदैन।’ उनी भन्छन्, ‘यस निर्णयलाई पछि राजसभा परिषद्बाट औपचारिक रूपमा पारित गरियो, त्यसपछि दलित समुदायका व्यक्तिलाई समेत पुजारी नियुक्त गरियो र ब्राह्मण पुजारीसँगै संयुक्त रूपमा पूजा गर्ने परम्परा सुरु भयो।’

करिब ४१८ वर्षदेखि आजसम्म यही परम्परा निरन्तर चल्दै आएको छ। वर्षौं पहिले लिएको यस निर्णयलाई सामाजिक सुधार आन्दोलनकै रूपमा व्याख्या गर्न सकिने बनारसीधाम विश्वनाथ सेवा समाजका उपाध्यक्ष मनिराम कोली बताउँछन्। ‘त्यो समय हिन्दू समाजमा जातीय विभेद अत्यन्त कठोर रूपमा लागू हुने समय थियो’, उनले भने, ‘त्यस्तो समयमा धार्मिक क्षेत्रमा समानता लागू गर्नु अत्यन्त ठूलो सामाजिक परिवर्तन मानिन्छ।’ उनका अनुसार, वनारसीधामलाई केवल धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र हेर्नु अपूरो हुन्छ। समाजशास्त्रीय दृष्टिले हेर्दा यो धाम जातीय विभेदविरुद्धको ऐतिहासिक आन्दोलनको प्रतीक जस्तै देखिन्छ। आज पनि यस धाममा दलित पुजारीबाट टीका लगाउने, प्रसाद लिने, पूजा गराउने परम्परा कायम छ। यहाँ आउने भक्तजनले पुजारीको जात हेरेर पूजा गराउने परम्परा छैन। ब्राह्मण र दलित पुजारी एउटै स्थानमा बसेर संयुक्त रूपमा पूजा गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने र भक्तजनलाई प्रसाद वितरण गर्ने परम्परा अझै कायम छ। ‘यसले समाजमा समानता, सहअस्तित्व र समावेशीताको सन्देश दिन्छ’, धामका वरिष्ठ प्रचारकका रुपमा रहेका कोलीले भने, ‘धार्मिक स्थल भएर पनि यसले सामाजिक परिवर्तनको सन्देश दिइरहेको छ, सामाजिक विभाजनभन्दा सामाजिक एकता महत्वपूर्ण हुन्छ भन्ने सन्देश यो धामले चार सय वर्षदेखि दिइरहेको छ।’

धार्मिक मान्यताअनुसार वनारसीधामको वर्णन स्कन्द महापुराणको मानसखण्डमा गरिएको पाइन्छ। उक्त ग्रन्थमा भगवान शिवले आफ्ना गण, गन्धर्व, यक्ष, किन्नर, दिक्पाल, लोकपाल आदिलाई निर्देशन गरी रमणीय पुरी निर्माण गरेर त्यहाँ ज्योतिर्लिङ्ग स्थापना गराएको उल्लेख छ। यो धाम सरयू र गोमती नदीको संगम क्षेत्र, नील पर्वतको फेदी र असीबरुणको मध्य भागमा रहेको सुन्दर वनारसीपुरीमा स्थापित भएको मानिन्छ। यहाँको विश्वनाथ ज्योतिर्लिङ्गलाई ८४ रूप धारण गर्ने, २२ तालमा स्नान गर्ने, १२ मसानको गुरु, ८४ सिद्धबाट सम्मानित तथा १६ शिवालयको गुरुका रूपमा पूजा गरिन्छ भन्ने धार्मिक विश्वास रहेको छ।

यही कारणले यो धामलाई शक्तिपीठका रूपमा मान्यता पाएको समाजका सदस्य लक्ष्मी भाट बताउँछिन्। वनारसीधाममा विभिन्न पर्व तथा समयमा लाग्ने धार्मिक मेलामा भारत र नेपालका विभिन्न क्षेत्रका हजारौँ भक्तजन आउने गर्छन्। विशेषगरी माघ महिनामा लाग्ने २२ ताल कुम्भ मेला प्रख्यात रहेको छ। जसमा २२ वटा जलाशयबाट पानी सङ्कलन गरेर मुख्य शिवलिङ्गमा स्नान गराउने विशेष परम्परा रहेको छ।

वनारसीधाममा नेपालका सुदूरपश्चिमका जिल्लाहरू मात्र होइन, भारतका उत्तराखण्ड, उत्तरप्रदेश, पञ्जाब, लखनऊ, कर्नाटकलगायत विभिन्न स्थानबाट भक्तजन आउने गर्दछन्। यसले यो धामको सीमापार धार्मिक महत्व पनि देखाउँछ। परम्पराअनुसार विभिन्न क्षेत्रबाट चिनोबानो, सुनचाँदी, गरगहना, पञ्चेबाजा, नेजा–ध्वजासहित भक्तजन पूजा गर्न आउने परम्परा रहेको धाम क्षेत्रका जानकार गोपालसिंह भाट बताउँछन्। उचित प्रचार–प्रसार, सडक पहुँच, पुल निर्माण, धर्मशाला, खानेपानी, शौचालय, बस्ने व्यवस्था लगायतका पूर्वाधार विकास गर्न सकियो भने वनारसीधाम धार्मिक पर्यटनको महत्वपूर्ण केन्द्र बन्नसक्ने सम्भावना उच्च रहेको उनको भनाइ रहेको छ।

मन्दिरको पूजा–अर्चना र व्यवस्थापनका लागि वनारसीधाम विश्वनाथ गुठीको नाममा छ सय ६६ रोपनी जग्गा व्यवस्थापन गरिएको छ। स्थानीय व्यवस्थापन समितिले चन्दा र सहयोगबाट मन्दिर निर्माण, सिँढी, पर्खाल, जीर्णोद्धारलगायत कार्य पूरा गरेको छ। यस क्षेत्रमा ७५ फिट अग्लो मन्दिर निर्माण कार्य समेत स्थानीय प्रयासबाट सम्भव भएको छ। यसले स्थानीय समुदायको सक्रियता देखाउँछ तर यति ठूलो धार्मिक र ऐतिहासिक महत्व बोकेको धामको विकास केवल स्थानीय प्रयासबाट मात्र सम्भव छैन।

वनारसीधाम क्षेत्रको समग्र विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिएको छ। करिब रु १८ करोड ८० लाख बराबरको डीपीआर तयार गरिएको छ तर हालसम्म राज्यबाट अत्यन्त न्यून बजेट मात्र प्राप्त भएको समाजका अध्यक्ष उत्तरबहादुर चन्दले बताए। ‘धाम क्षेत्रका भौतिक संरचना निर्माण गर्दा धाम समितिलाई रु १६ लाख बढी कर्जा लागेको छ,’ उनले भने, ‘विभिन्न निकायमा संरचना निर्माण कार्य पूरा गर्नका लागि बजेटको माग गर्दै धायौँ तर कुनै पनि निकायले हालसम्म बजेट व्यवस्थापनको कार्य गर्न सकेका छैनन्।’ धाम क्षेत्रको विकासका लागि नदीमा पुल निर्माण, मन्दिरसम्म सडक विस्तार, धर्मशाला निर्माण, शौचालय र खानेपानी व्यवस्था, तटबन्ध निर्माण, पर्खाल र संरक्षण कार्य, धार्मिक पर्यटकका लागि बस्ने व्यवस्थालगायतका भौतिक पूर्वाधार आवश्यक भएको उनी बताउँछन्। ‘दलित समुदाय पुजारी रहेको सुदूरपश्चिम क्षेत्रमा विशिष्ट पहिचान बोकेको यो मात्रै एक धार्मिक क्षेत्रका रुपमा रहेको छ,’ अध्यक्ष चन्दले भने, ‘दलित समुदायनै धाम क्षेत्रका हर्ताकर्ताका रुपमा पुर्खौंदेखि रहँदै आएका छन्, सामाजिक समानता बोकेको यस धामको विकासका लागि सबैको सहयोगको खाँचो छ।’

यी सबै कामका लागि ठूलो बजेट आवश्यक भएपनि आर्थिक अभावका कारण काम अघि बढ्न नसकेको उनले बताए। उनी भन्छन्, ‘मन्दिर नजिकै नदी छ, पुल नभएका कारण भक्तजनलाई घुमेर जानुपर्ने बाध्यता रहेको छ, छोटो दूरी पार गर्न पनि लामो समय लाग्ने गर्दछ, भिर चढेर जानुपर्ने अवस्था छ।’ वनारसीधामलाई व्यवस्थित रूपमा विकास गर्न सकियो भने यस क्षेत्रको आर्थिक अवस्था परिवर्तन हुन सक्ने उनको भनाइ रहेको छ। धार्मिक पर्यटन विकास भएमा होटल व्यवसाय, पसल, यातायात, गाइड सेवा, हस्तकला, स्थानीय कृषि उत्पादन बिक्री, सांस्कृतिक कार्यक्रम जस्ता क्षेत्रबाट स्थानीयलाई रोजगारी र आम्दानीको अवसर सिर्जना हुने धामका मूलपूजारी धिरे लुहार बताउँछन्। ‘वनारसीधाममा पनि धार्मिक, ऐतिहासिक र सामाजिक महत्व भएकाले उचित लगानी गरियो भने यो धाम सुदूरपश्चिमकै प्रमुख धार्मिक पर्यटन गन्तव्य बन्न सक्छ,’ उनले भने, ‘इतिहास, धार्मिक महत्व, सामाजिक सन्देश र पर्यटन सम्भावना हुँदाहुँदै पनि वनारसीधाम राज्यको प्राथमिकतामा पर्न सकेको छैन।’

समानताको सन्देश बोकेको यस्तो ऐतिहासिक, धार्मिक र सामाजिक महत्व बोकेको धाम आर्थिक अभाव, पूर्वाधारको कमी र राज्यको उपेक्षाका कारण अपेक्षित रूपमा विकास हुन नसकेको उनको भनाइ छ। उनी भन्छन्, ‘वनारसीधामको कथा एउटा मन्दिरको कथा मात्र होइन, यो विभेदविरुद्धको इतिहास, समानताको सन्देश र विकासको सम्भावनाको कथा भएकाले धार्मिक सहअस्तित्वको महत्वपूर्ण धरोहरका रूपमा यसलाई हेर्न आवश्यक छ।’ रासस

# किसान सूचीकरण सुरु




**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पाँच महिनापछि किसानलाई पुनः सूचीकरण गर्न सुरु गरेको छ । किसानलाई परिचयपत्रसहित विभिन्न सेवा सुविधा अनुदान उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको अनलाइन प्रणालीमा प्रविधिक समस्या आएपछि गत कात्तिक २५ गतेदेखि सञ्चालन हुनसकेको थिएन ।

सूचीकृत किसानलाई रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापन, सुविधा उपलब्ध गराउने योजना रहेको उक्त कार्यक्रम प्रभावकारी देखिएकाले १७ लाख ३७ हजार किसानलाई सूचीबद्ध गर्नका लागि पुनः सूचीकरण गर्न सुरु गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

बाँकी किसानलाई छिट्टै गणनामा समावेश गरी प्रणालीमा जोड्ने तयारी भइरहेको जनाइएको छ ।

उक्त प्रणालीमा देशभर स्थानीय तहसँग समन्वय गरी वास्तविक किसान पहिचान गरेर किसानको खेती गरेको जमिनको क्षेत्रफल, उत्पादित उपजलगायत विवरणसहित एकीकृत तथ्याङ्क सङ्कलन तथा अभिलेख राखिएको छ । कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजार किसान रहेकामा अहिलेसम्म २३ लाख ९३ हजार किसान सूचीमा समावेश गरिसकेको मन्त्रालयले जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले किसानलाई सम्बन्धित स्थानीय तहमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ ।

किसानको जमिनको विवरण, आम्दानीको अवस्था, खेती उत्पादन, निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा वर्गीकरण गरिएको केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिए । रासस

# बिदा पायौँ भनेर घुम्न नजानुस्, इन्धन खपतमा सजग रहौँ




**काठमाडौँ ।**
नेपाल आयाल निगमनले इन्धन खपतप्रति सचेत हुन उपभोक्तालाई आग्रह गरेको छ । मन्त्रिपरिषद्को आईतबार बसेको बैठकले सोमबारदेखि शनिबार र आइतबार बिदा दिने निर्णयलाई उपाभोक्ताले सहयोग गर्नुपर्ने निगमका प्रवक्ता मनोज ठाकुरले बताएका छन् ।

बिदा पायौँ भनेर गाडी निकालेर घुम्न जानुभएन । जसरी भए पनि इन्धन खपत कम गर्ने हो । यसमा जनताको पनि योगदान चाहिन्छ, प्रवक्ता ठाकुरले भने, अहिले निगमलाई प्रतिलिटरमा रु १२० घाटा भइरहेको छ । सरकारको इन्धन खपत कम गर्न बिदा दिने निर्णय सकारात्मक छ । उपभोक्ताले पनि खपतमा सचेत हुँदै अति आवश्यक बाहेकका क्रियाकलापमा इन्धन खपत गर्नु भएन ।

पेट्रोलियम पदार्थको आपूर्ति सङ्कट दिनप्रतिदिन बढ्दै गएपछि आजको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि लागू हुने गरी सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थालाई दुई दिन बिदा दिने निर्णय गरेको हो । इन्धन खपत कम गर्न डिजेल तथा पेट्रोल प्रयोग गर्ने गाडीलाई विद्युतीय सवारी साधन परिवर्तन गर्न कानुनी सुधार गर्ने सरकारको निर्णयबारे सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिएका छन् ।

निगमको तथ्याङ्कअनुसार देशभर हरेक दिन २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुँदै आएको छ । निगमका प्रवक्ता ठाकुर सरकारको यो निर्णयले इन्धन सङ्कट कम गर्न कति योगदान पुग्छ भन्ने यकिन गर्न आगामी एक हप्ता कुर्न पर्ने बताएका छन् । बजारको माग बुझ्न केही समय लाग्छ, तर यसको प्रभाव पक्कै देखिन्छ", उहाँले भन्नुभयो, "धेरै विद्यालय निजी छन् । तिनले सवारीसाधनबाट ठूलो मात्रामा इन्धन खपत भइरहेको छ । साथै एसइई परीक्षा जारी रहेकाले सवारीसाधनको प्रयोग अझै उच्च छ । परीक्षा सकिएपछि खपतको यकिन तथ्याङ्क आउछ ।

तत्कालका लागि सरकारको निर्णय ठिक छ, पर्याप्त हैनः अर्थशास्त्री

सरकारको यो निर्णय तत्कालका लागि आवश्यक भएको अर्थशास्त्रीहरुको राय छ । तर दीर्घकालीन समाधान छिट्टै खोज्नपर्ने उहाँहरुको सुझाब छ । अर्थशास्त्री इसान खरेल यो निर्णयलाई अपरिहार्य मान्नुहुन्छ । उहाँले तत्काल थप अन्य उपाय अपनाउन आवश्यकता औं्ल्याए । अहिलेको अवस्थामा गर्नैपर्ने हो, अरु विकल्प छैन, उनले भने, सरकारले इन्धनमा लिने कर केही प्रतिशत घटाउनुपर्छ । यसले उपभोक्तालाई राहत दिन्छ । तात्विक भिन्नता नदेखिन पनि सक्छ । थोरबहुत सहयोगी होला । थोरै भए पनि बचत होला ।

अर्थशास्त्री खरेलले सार्वजनिक यातायातलाई प्रोत्साहन, विद्युतीय सवारीसाधनको विस्तार र भारतसँगको सीमा मूल्य मिल्ने गरी अतिरिक्त लागत कटौती गर्नुपर्ने सुझाव दिए । अर्का अर्थशास्त्री डा सन्तोष अधिकारीले यो निर्णय तत्कालका लागि उचित भएको प्रतिक्रिया दिए । अहिलेको अभावको सन्दर्भमा यो ठिकै छ । यसले इन्धनमा केही सहज होला, उनले भने, नेपालमा सरकारी बिदा पहिले नै धेरै छ । थप बिदाले अध्यापन र उत्पादकत्वमा नकारात्मक असर पार्नसक्छ । रासस

# उद्यमीबाट सभामुखसम्मको अर्यालको राजनीति यात्रा

**काठमाडौँ ।**
धादिङको ज्वालामुखी गाउँपालिकामा २०३१ साल भदौ ६ गते जन्मिएका राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष डोलप्रसाद अर्याल प्रतिनिधिसभाको दसौँ सभामुखमा निर्विरोध निर्वाचित भएका छन् ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ काठमाडौँ क्षेत्र नं ९ बाट निर्वाचित भएका थिए । निरन्तरको सङ्घर्षबाट वैकल्पिक राजनीति यात्रामा होमिनुभएका अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको जिम्मेवारी वहन गरिसकेका छन् ।

नवनिर्वाचित सभामुखमा अर्यालले जापानलगायत विभिन्न देशमा अध्ययन, अनुसन्धान, रोजगारी तथा व्यवसाय सञ्चालन गरेका थिए । वर्षदेखि स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वासका साथ विगत २५ वर्षदेखि पर्यटन, शिक्षा र वित्तीय क्षेत्रमा उनी क्रियाशील छन् ।

व्यवसाय र राजनीतिलाई सँगसँगै अघि बढाएका अर्यालले २०७९ सालमा राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनी राष्ट्रिय स्वतन्त्र पार्टीका संस्थापक उपाध्यक्ष हुन् ।

संसद्को अघिल्लो कार्यकालमा श्रममन्त्रीको जिम्मेवारीमा रहँदा उनले श्रमिकका अधिकार रक्षा, वैदेशिक रोजगार प्रणालीमा पक्रियागत सुधार र सामाजिक सुरक्षाका खातिर उल्लेखनीय योगदान गरेका थिए ।

प्रतिनिधिसभाको आजको बैठकमा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्याललाई सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गरे । नवनिर्वाचित सभामुख अर्यालले आज राष्ट्रपति रामचन्द्र पौडेलसँग पद तथा गोपनियताको सपथ लिने कार्यक्रम छ ।

प्रतिनिधिसभाको सभामुख पदमा अन्य दलका तर्फबाट उम्मेदवारी नपरेपछि अर्याल निर्विरोध निर्वाचित हुन् । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२ सांसद हुन् । संसद्का प्रमुख अर्याललाई कानुन निर्माण, सरकारका गतिविधिको निगरानीका साथै राजनीतिक ध्रुवीकरण र दलहरूको मतभेद अन्त्य गर्न सन्तुलित ढङ्गले संसद् सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

विधेयक र प्रस्तावहरूको समयमै व्यवस्थापन, सांसदहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु र नियमावलीको पालना गराउनु पनि चुनौतीपूर्ण छ । सभामुखले दलीय दबाब र व्यक्तिगत राजनीतिक हितभन्दा पर रही निष्पक्ष निर्णय लिनुपर्ने अवस्था छ भने जनताबाट उच्च अपेक्षा र उहाँको दायित्व बनेको छ । रासस

# सभामुखमा अर्याल निर्विरोध निर्वाचित



**काठमाडौँ ।**
नेपालको दसौँ सभामुखमा प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याल निर्वाचित भएको छ । प्रतिनिधिसभाको आईतबारको बैठकबाट उनलाई सभामुख पदमा निर्विरोध निर्वाचित भएका छन् ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं सांसद रवि लामिछानेले 'प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याललाई सभामुख पदमा निर्वाचित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्तावलाई सांसदहरु सोविता गौतम, स्वर्णिम वाग्ले र सुनिल लम्सालले समर्थन गरेका थिए ।

सभाको अध्यक्षता गरेका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसद अर्याललाई प्रतिनिधिसभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त भएकाले अर्याल सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गरेका छन् । नवनिर्वाचित सभामुख अर्याल यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष रहेका थिए । रासस

# सुशासन र पारदर्शितामा सांसदहरूको जोड



**काठमाडौं ।**
राष्ट्रियसभाको आईतबारको बैठकमा नवगठित सरकारले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमा विशेष जोड दिइएको छ ।

बैठकमा नेपाली कांग्रेसका खम्मबहादुर खातीले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितका विषयलाई केन्द्रमा राखेर सरकारले काम गर्नुपर्ने बताए ।

सोही दलकी गीता देवकोटाले किसानमैत्री नीति कार्यान्वयन हुनुपर्नेमा जोड दिइन् भने सांसद चन्द्रबहादुर केसीले देशको 'आर्थिक विकास' वर्तमान सरकारको मूलमन्त्र हुनुपर्छ भने ।

बैठकको शून्य समयमा पश्चिम एसियामा जारी द्वन्द्वका कारण दैनिक उपभोग्य वस्तुको मूल्य बढेको तथा यसबाट सीमान्तकृत वर्ग समस्यामा परेको विषयलाई सभाका सदस्यहरूले प्राथमिकताका साथ उठाए ।

सांसद उदयबहादुर बोहोराले पश्चिम एसियाली देशमा अलपत्र परेका नेपालीलाई उद्धार गर्न सरकारसँग आग्रह गरे । सांसदहरू जयन्तीदेवी राई, मोहम्मद खालिद राजेन्द्रलक्ष्मी गैरे र सोनामगेल्जेन शेर्पाले पश्चिम एसियामा जारी द्वन्द्व तथा त्यसबाट नेपालसहित विश्वभर परेको प्रभाव एवं समसामयिक विषयमा सदन एवं सरकारको ध्यानाकर्षण गराए ।

सांसद भुवनबहादुर सुनारले सुर्खेतकी इनिशा विक प्रकरणको निष्पक्ष छानबिन गर्नुपर्नेमा जोड दिए । सांसद सुरेशकुमार आलेमगरले विद्यार्थी सङ्गठनमाथि प्रतिबन्ध लगाउन नहुने धारणा व्यक्त गरे । शून्य समयमा सांसदहरू मदनकुमारी शाह र नारायणदत्त मिश्रले पनि समसामयिक विषयमा सदनको ध्यानाकर्षण गराएका थिए । रासस

# राष्ट्रियसभाका विषयगत समितिमा सदस्य हेरफेर

**काठमाडौं ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रियसभा नियमावली, २०७५ बमोजिम विषयगत समितिहरूमा सदस्यहरूको मनोनयन तथा हेरफेर गरेका छन् । अध्यक्ष दाहालले रेखाकुमारी झा, सम्झाना देवकोटा, जगत् तिमल्सेना, वासुदेव घिमिरे र महन्थ ठाकुरलाई विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन गरे ।

यसैगरी, सांसद रामकुमारी झाँक्री, प्रेमप्रसाद दङ्गाल, खम्मबहादुर खाती र गीता देवकोटालाई विधायन व्यवस्थापन समितिमा मनोनयन गरिएको छ । सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा सोमनाथ बोर्तेल, मीना सिंह, सुनिलबहादुर थापा, चन्द्र केसी र रञ्जित कर्णलाई मनोनयन गरिएको छ । सङ्घीयता सुदृढीकरण तथा राष्ट्रिय सरोकार समितिमा लीलाकुमारी भण्डारी, रोशनी मेचे, ललितजङ्ग शाही र धर्मेन्द्र पासवानलाई मनोनयन गरिएको छ । सभामा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गरेका थिए । रासस

# राष्ट्रियसभा उपाध्यक्षमा लीला भण्डारीको उम्मेदवारी दर्ता



**काठमाडौँ ।**
राष्ट्रियसभा उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद लीलाकुमारी भण्डारीले उम्मेदवारी दिएकी छन । सङ्घीय संसद् सचिवालयको कार्यतालिकाबमोजिम आईतबारउनलाई निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता भएको हो । उहाँको प्रस्तावकमा एमालेका प्रेमप्रसाद दङ्गाल र समर्थकमा नेपाली कांग्रेसका कृष्णबहादु रोकाया, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का मदनकुमारी शाह र जनता समाजवादीका पूजा चौधरी छिन् । रासस

# पुनः आन्दोलन नहुनेगरि कानुन र नीति बनाउन ध्यान दिन्छुः सभामुख

**काठमाडौं ।**
प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले आगामी दिनमा जेनजी युवाले आन्दोलन गर्न नपर्ने गरी कानुन, नीति र नियम बनाउन आफूले ध्यान दिने बताएको छ ।

सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा पदभार ग्रहणपछि प्रतिक्रिया दिँदै उहाँले धेरै जनाको ज्यान जाने र भौतिक क्षति हुने गरी भएको जेनजी आन्दोलनपछिको निर्वाचनबाट आफूहरू नेतृत्वमा आएकाले आगामी दिनमा त्यस्तो घटना नहोस् भन्नेतर्फ ध्यान दिने बताएको हो ।

सभामुख अर्यालले आन्दोलनमा ध्वस्त भएका संरचना बनाउन नयाँ कानुन आवश्यक नपर्ने र आवश्यक परे नयाँ कानुन बनाएर छिटो संरचना बनाउने गरी काम गर्नुपर्नेमा जोड दिएका छन् । उनले संसद्को गरिमा, मर्यादा र प्रभावकारिता कायम राख्दै निष्पक्ष, सन्तुलित र उत्तरदायी ढङ्गले भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सभामुख अर्यालले सबै राजनीतिक दल तथा सांसदहरूसँग सहकार्य र समन्वय गरी संसद्लाई प्रभावकारी, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित गरिने बताएका छन् । रासस

# सभामुखबाट संसदीय अभ्यास थप सुदृढ बनाइने लामिछानेको विश्वास



**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालबाट सदनको कामकारबाहीलाई थप चुस्त, प्रभावकारी र परिणाममुखी बनाउँदै संसदीय अभ्यासलाई सुदृढ बनाउन भूमिका निर्वाह हुने विश्वास व्यक्त गरेका छन् ।

सभामुख अर्याललाई आज बधाई दिँदै उनले संसद्को गरिमा, मर्यादा र प्रभावकारिता कायम राख्दै निष्पक्ष, सन्तुलित र उत्तरदायी ढङ्गले भूमिका निर्वाह हुनेमा आफू विश्वस्त रहेको बताए ।

सभापति लामिछानेले सबै राजनीतिक दल तथा सांसदहरूसँग सहकार्य र समन्वय गर्दै प्रभावकारी, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित गर्ने सभामुख अर्यालको दृष्टिकोण सराहनीय भएको बताए । "सभामुख पदलाई साझा व्यक्तित्वका रूपमा स्थापित गर्ने संसदीय परम्पराअनुरूप उम्मेदवारी दिएदेखि नै उहाँले पार्टीका जिम्मेवारीबाट अलग रहँदै उच्च राजनीतिक नैतिकता र संस्थागत प्रतिबद्धता प्रदर्शन गरेका थिए । यस ऐतिहासिक अवसरमा सभामुखको हैसियतमा उनले निष्पक्षता, पारदर्शिता, विधिको शासन तथा संस्थागत मर्यादालाई केन्द्रमा राख्दै सफल र उदाहरणीय कार्यकाल प्रदान गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु", उनले भने ।

सभापति लामिछानेले ज्येष्ठ सदस्यको हैसियतमा प्रतिनिधिसभाको बैठकको अध्यक्षता गर्दै प्रारम्भिक चरणमा सदनको कार्य सञ्चालनलाई प्रभावकारी रूपमा अघि बढाएकामा अर्जुननरसिंह केसीलाई धन्यवाद दिए । सभामुख अर्यालले आईतबार नै पदभार ग्रहण गरीसकेका छन् । रासस

# नवनियुक्त महान्याधिवक्ता डा कँडेलको शपथ

**काठमाडौँ ।**
सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लसमक्ष नवनियुक्त महान्याधिवक्ता डा नारायणदत्त कँडेलले पद तथा गोपनीयताको शपथग्रहण लिएका छन् ।

आईतबार त्यस अवसरमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, न्यायाधीशहरू र न्याय सेवाका उच्च अधिकारीको उपस्थिति रहेको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा अधिवक्ता डा कँडेललाई आईतबार नै उक्त पदमा नियुक्त गरेको हो । रासस

# पर्वतमा गहुँ बालीको प्रजनन बीउ उत्पादन गरिँदै



पर्वत ।
पर्वतमा यस वर्ष देखि गहुँ बालीको प्रजनन बीउका लागि गहुँ खेती विस्तार गरिएको छ । जिल्लाको फलेवास नगरपालिका–६ देविस्थान चौबीस कुरियामा प्रजनन गहुँको मूल बीउको खेती गरी अनुसन्धान थालिएको छ । बीउ उत्पादनका लागि करिब पाँच हेक्टर क्षेत्रफलमा गहुँ बाली लगाइएको कृषि विकास कार्यालयले जनाएको छ ।

राष्ट्रिय गहुँ अनुसन्धान परिषद् र कृषि विकास कार्यालयको सहयोगमा स्थानीय जातसँगै थप आठ प्रजातिका गहुँ अनुसन्धान गरिएको हो । आत्मनिर्भरताका लागि बीउ उत्पादन कार्यक्रमअन्तर्गत बीउ उत्पादनमा लागिएको कार्यालयले जनाएको छ । कार्यालयकी सूचना अधिकृत सोविता सुवेदीले गौतम, भेरीगङ्गा हिमगङ्गा, जिङ्कलगायतका जातमा अनुसन्धान भइरहेको जानकारी दिइन् ।

स्थानीय शक्ति कृषि तथा पशुपक्षी फर्ममार्फत २० जना किसानले एकै क्षेत्रमा प्रजनन गहुँको बीउ खेती गरिरहेका हुन् । अन्य प्रजातिभन्दा भेरीगङ्गा, हिमगङ्गा जातको गहुँको बीउ राम्रो उत्पादन भएको हो । अन्य खेतीभन्दा सजिलो खेती र सिँचाइको पहुँच पुगेको कारण यस क्षेत्रका किसानहरू हिउँदे बालीअन्तर्गत गहुँ खेतीमा लागेका हुन् ।

गत वर्ष पनि राम्रो गहुँ उत्पादन भएपछि पहाडी क्षेत्रको जात पहिचानका लागि राष्ट्रिय गहुँ बाली अनुसन्धान परिषद् भैरहवाले विभिन्न आठ जातमा गरेको अनुसन्धान सफल भएपछि अहिले हावा पानी अनुकूल भएको जातको प्रजनन बीउ खेती गरिएको स्थानीय किसान रमेश चापागाईँले बताए । कृषक चापागाईँले कृषि प्राविधिक नै आफ्नै खेतबारीमा आएर गहुँको अनुसन्धान गर्दा कृषकहरूलाई आगामी दिनमा गहुँ खेती गर्न सहज हुने बताए । कुन भूगोलमा कुन खेती गर्दा प्रशस्त उत्पादन र आम्दानी गर्न सकिन्छ भन्ने चेतना वृद्धि भएको उनको भनाइ छ ।

बर्सेनि तापक्रममा भएको वृद्धि, जलवायु परिवर्तनले हिउँदे वर्षा नहुने, सिँचाइको अभाव जस्ता कारणले कृषकको गहुँ खेतीतर्फको आकर्षण घट्दै गएका बेला केन्द्रले निश्चित प्रजाति पहिचान गरेर सिफारिस गरेपछि गहुँ खेतीतर्फ आकर्षण बढ्ने उनको भनाइ छ । गत वर्ष गहुँका विभिन्न आठ प्रजनन बीउको अनुसन्धान गरिएकामा अहिलेसम्म चार जात सिफारिसका लागि छनोट भएको उनले बताए । अनुसन्धानपछि एन एल ११७९, एनएल १४८८, एनएल १४८६, एनएल १४५० नामक गहुँको जातको गहुँ खेतीका लागि सिफारिसको तयारी गरेको उनले बताए । यी प्रजाति समुद्र सतहदेखि ८०० मिटरको उचाइमा राम्रोसँग उत्पादन हुने जनाइएको छ । रासस

# प्रचारप्रसार नहुँदा ओझेलमा प्रसिद्ध ‘शिला सुत्केरी’

भोजपुर ।
जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित हतुवागढी गाउँपालिका(४ खैराङमा रहेको ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको ‘शिला सुत्केरी’ पर्याप्त प्रचारप्रसारको अभावमा ओझेल परेको छ । प्राकृतिक, सांस्कृतिक तथा धार्मिक दृष्टिले उच्च सम्भावना बोकेको उक्त स्थल स्थानीयस्तरमा सीमित रहँदा यसको वास्तविक पहिचान स्थापित हुन सकेको छैन ।

स्थानीय जनश्रुतिअनुसार परापूर्वकालमा एक महिला सुत्केरी हुने क्रममा सोही स्थानमा अलप भएपछि उक्त शिलाको उत्पत्ति भएको मानिन्छ । यही किंवदन्तीका आधारमा यस स्थानलाई ‘शिला सुत्केरी’ नाम दिइएको स्थानीय गङ्गाबहादुर खड्काले बताए । हाल पनि उक्त ढुङ्गामा महिला सुत्केरी हुँदै गरेकोजस्तो आकृति स्पष्ट देख्न सकिने स्थानीयको दाबी छ । जसले यस स्थललाई थप रहस्यमय र आकर्षक बनाएको छ । स्थानीय खड्काका अनुसार ‘शिला सुत्केरी’ धार्मिक आस्था र विश्वाससँग जोडिएको एक अद्भुतस्थल हो । यो ठाउँ साँच्चिकै आश्चर्यजनक छ । यहाँको शिलामा सुत्केरी हुँदाको आकृति स्पष्ट देख्न सकिन्छ । विवाहपछि लामो समय सन्तान नहुने दम्पतीले यहाँ पूजा तथा दर्शन गरे सन्तान प्राप्त हुने विश्वासका साथ टाढाटाढाबाट दर्शनार्थी आउने गरेका छन्, उनले भने ।

उनका अनुसार केही दशकअघिसम्म यहाँ नियमित रूपमा मेला तथा धार्मिक महोत्सव लाग्ने गर्दथ्यो । विशेष गरी बालाचतुर्दशीका अवसरमा स्थानीय तथा छिमेकी जिल्लाबाट समेत भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको थियो । तर पछिल्लो समय ती गतिविधि क्रमशः घट्दै गएर अहिले लगभग बन्दजस्तै भएको छ, जसका कारण यस क्षेत्रको चहलपहल पनि घट्दै गएको छ । ‘शिला सुत्केरी’को धार्मिक तथा सांस्कृतिक महत्वलाई व्यवस्थित रूपमा उजागर गर्न सके यसलाई देशकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने खड्काको भनाइ छ । यहाँको प्राकृतिक सौन्दर्य, शान्त वातावरण र ऐतिहासिक पृष्ठभूमिले धार्मिक पर्यटन प्रवद्र्धनका लागि ठुलो सम्भावना बोकेको छ ।

यस क्षेत्रको संरक्षणका लागि स्थानीय तहले केही पहल भने गरेको छ । हतुवागढी–४ का वडाध्यक्ष चन्द्रबहादुर विष्टका अनुसार वडाले सीमित स्रोतसाधनका बाबजुद घेराबारालगायत आधारभूत संरक्षणका काम सम्पन्न भएका छन् । “यो हाम्रो क्षेत्रको महत्त्वपूर्ण ऐतिहासिक तथा धार्मिक सम्पदा हो, उनले भने, वडाले सकेसम्म संरक्षणका काम अघि बढाएको छ, तर दीर्घकालीन विकासका लागि थप स्रोत, योजना र समन्वय आवश्यक छ । शिला रहेको जग्गा निजी स्वामित्वमा रहेकाले यसको समग्र विकास र संरक्षणमा जटिलता देखिएको छ । जग्गा



व्यवस्थापनको समस्या समाधान हुन नसक्दा ठुला योजना कार्यान्वयन हुन नसकेको स्थानीय तहको भनाइ छ ।

वडाध्यक्ष विष्टका अनुसार गत आर्थिक वर्षमा केन्द्र सरकारबाट प्राप्त करिब रु एक करोड बजेट सोही कारण कार्यान्वयन हुन नसकी फिर्ता गएको थियो । बजेट आए पनि जग्गासम्बन्धी समस्या समाधान नहुँदा काम अघि बढाउन सकिएन, उनले भने, यदि यो समस्या समाधान गर्न सकियो भने यहाँ पूर्वाधार विकास, मन्दिर निर्माण, पदमार्ग, विश्राम स्थललगायतका काम अघि बढाउन सकिन्छ ।

स्थानीय सरोकार भएकाहरूका अनुसार ‘शिला सुत्केरी’लाई संरक्षणसँगै प्रभावकारी प्रचारप्रसार गर्न सके धार्मिक पर्यटनमार्फत स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सकिनेछ । यसका लागि सरकारी निकाय, स्थानीय तह, पर्यटन व्यवसायी तथा समुदायबिच समन्वय र सहकार्य अपरिहार्य रहेको उनीहरूको भनाइ छ । स्थानीय मानबहादुर राईले यस स्थलको दीर्घकालीन संरक्षण, व्यवस्थापन तथा प्रवद्र्धनका लागि स्पष्ट योजना बनाएर कार्यान्वयन गर्न आवश्यक रहेको बताए । यसको ऐतिहासिक र धार्मिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पु¥याउन सकियो भने भोजपुरको पर्यटन विकासमा ठुलो योगदान पुग्नेछ, उनले भने ।

गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले ‘शिला सुत्केरी’ हतुवागढी क्षेत्रकै महत्त्वपूर्ण धार्मिकस्थल भएको उल्लेख गर्दै यसको विकासमा गाउँपालिकाले प्राथमिकता दिएको बताए । जग्गा निजी स्वामित्वमा रहेकाले पटकपटक माथिल्लो निकायबाट प्राप्त भएको बजेट कार्यान्वयन गर्न नसकिएको उनले जानकारी दिए । जग्गा निजी स्वामित्वमा रहेकाले विकासमा समस्या देखिएको छ, अध्यक्ष राईले भने, यसलाई सरकारी स्वामित्वमा ल्याउन जग्गाधनीसँग विभिन्न माध्यमबाट पटकपटक छलफल गरिए पनि सहमति हुन सकेको छैन । सोही कारण संरक्षणका ठुला काम ठेक्कामार्फत अघि बढाउन सकिएको छैन । यो वर्ष पनि प्रदेश सरकारबाट प्राप्त करिब रु एक करोड बजेट कार्यान्वयन हुन नसक्ने अवस्थामा पुगेको छ । ‘शिला सुत्केरी’जस्तो ऐतिहासिक तथा धार्मिक महत्व बोकेको स्थलको संरक्षण, व्यवस्थापन र प्रवद्र्धनमा ध्यान दिन सके यो स्थान राष्ट्रियस्तरको महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन स्थानीय जानकारहरूको भनाइ छ । रासस

# मध्यपूर्वमा युद्धको दायरा विस्तार

पेरिस ।
मध्यपूर्वमा युद्धको तीव्रता थप बढ्दै जाँदा विभिन्न देशमा आक्रमण, प्रतिआक्रमण र कूटनीतिक टकराव एकैसाथ चर्किएका छन् । पछिल्ला घटनाक्रमहरूले क्षेत्रीय स्थिरता थप जटिल बन्दै गएको सङ्केत गरेका छन्, जहाँ सैन्य कारबाहीसँगै राजनीतिक चेतावनी र आरोप–प्रत्यारोप पनि तीव्र बनेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानभित्र खसालिएको दोस्रो अमेरिकी एयरम्यानलाई सफलतापूर्वक उद्धार गरिएको जानकारी दिएका छन् । उनका अनुसार उक्त एयरम्यान अहिले सुरक्षित अवस्थामा छन्, यद्यपि उनी घाइते भएको बताइएको छ ।

उद्धारका लागि अमेरिकी सेनाले उच्च क्षमताका दर्जनौँ विमान परिचालन गरेको उल्लेख गरिएको छ । यसैबीच, इरानी



सञ्चारमाध्यमहरूले अमेरिकी खोजी अभियानमा संलग्न एक विमान इरानले नष्ट गरेको दाबी गरेका छन् । क्षेत्रीय प्रभाव विस्तार हुँदै जाँदा बहराइनमा इरानी आक्रमणपछि एक संरचनामा आगलागी भएको र नागरिक सुरक्षा टोलीले त्यसलाई नियन्त्रणमा लिएको जानकारी दिइएको छ ।

उक्त घटनामा मानवीय क्षतिको विवरण भने सार्वजनिक गरिएको छैन । त्यस्तै, संयुक्त अरब इमिरेट्सले आफ्नो एल्युमिनियम उद्योगलाई लक्षित गर्दै इरानले मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ, जसको प्रतिकारस्वरूप हवाई सुरक्षा प्रणाली सक्रिय पारिएको छ । कुवेतमा पनि इरानी ड्रोन आक्रमणले ऊर्जा पूर्वाधारमा असर पारेको छ । दुई पावर र पानी प्रशोधन केन्द्रमा क्षति पुगेको र दुई विद्युत् उत्पादन एकाइ बन्द गर्नुपरेको अधिकारीहरूले जानकारी दिए ।

कुवेत सहरको सरकारी भवनमा पनि आक्रमण हुँदा ‘महत्त्वपूर्ण’ क्षति पुगेको जनाइएको छ, तर कुनै मानवीय क्षति भने रिपोर्ट भएको छैन । कुवेती सेनाले मिसाइल र ड्रोन अवरोध गर्न निरन्तर प्रयास भइरहेको जनाएको छ । इजरायलतर्फ लक्षित गर्दै इरानबाट क्षेप्यास्त्र प्रहार गरिएको इजरायली सेनाले पुष्टि गरेको छ । जेरुसेलममा तीव्र विस्फोटका आवाजहरू सुनिएको र कम्तीमा छ वटा विस्फोट भएको प्रत्यक्षदर्शीहरूले बताए । अघिल्लो दिन तेल अभिव र मध्य इजरायलमा भएका आक्रमणमा पाँच जना घाइते भएको जानकारी दिइएको छ । साथै, यमनबाट इजरायलतर्फ प्रक्षेपण गरिएको क्षेप्यास्त्र पनि पत्ता लागेको र त्यसलाई रोक्न हवाई सुरक्षा प्रणाली परिचालन गरिएको छ । इरानको उत्तरपश्चिमी अर्दबिल प्रान्तमा अमेरिका–इजरायलद्वारा गरिएको आक्रमणमा तीन जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । त्यस्तै, अन्य आक्रमणहरूमा आणविक संयन्त्र, औद्योगिक क्षेत्र र पेट्रोकेमिकल केन्द्रहरू लक्षित भएको बताइएको छ, जसमा पाँच जनाको मृत्यु भएको दाबी गरिएको छ । बुशहर आणविक केन्द्र नजिकै भएको आक्रमणमा एक सुरक्षाकर्मीको मृत्यु भए पनि विकिरण स्तरमा वृद्धि नदेखिएको अन्तर्राष्ट्रिय निगरानी निकायले जनाएको छ । राजनीतिक मोर्चामा तनाव थप बढेको छ । इरानले ४८ घण्टाभित्र शान्ति सम्झौता नगरे कडा कारबाही गर्ने ट्रम्पको चेतावनी अस्वीकार गरेको छ । इरानी सैन्य नेतृत्वले उक्त चेतावनीलाई असन्तुलित र अविवेकी कदमको संज्ञा दिएको छ । ट्रम्पले भने तेहरानमा भएको आक्रमणमा इरानका धेरै सैन्य नेताहरू मारिएको दाबी गरे । यसैबीच, खाडी क्षेत्रमा रणनीतिक रूपमा महत्त्वपूर्ण स्ट्रेट अफ होर्मुजमा आंशिक प्रतिबन्ध कायम राख्दै इरानले इराकी जहाजहरूलाई भने आवतजावतको अनुमति दिएको जनाएको छ ।

उता, अमेरिकी प्रशासनले इरानी जनरल कासिम सुलेमानीका परिवारका दुई सदस्यलाई आवास अनुमति रद्द गरेपछि पक्राउ गरेको जानकारी दिएको छ, यद्यपि इरानी स्रोतहरूले ती व्यक्तिहरू सम्बन्धित नभएको दाबी गरेका छन् । लेबनानको दक्षिणी सहर टायरमा इजरायलले पुनः आक्रमण गरेको छ, जसले अस्पतालसहितका संरचनामा क्षति पु¥याएको जनाइएको छ । यसैबीच, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनले युद्धले भू–रणनीतिक गतिरोध निम्त्याएको उल्लेख गर्दै द्वन्द्व अन्त्यका लागि नयाँ कूटनीतिक पहल आवश्यक रहेको बताएका छन् । रासस

# मध्यपूर्व युद्धले ओझेलमा युक्रेन

**इस्तानबुल ।**
मध्यपूर्वमा चर्किँदै गएको युद्धले युक्रेनलाई अन्तर्राष्ट्रिय प्राथमिकताबाट पछाडि धकेल्न सक्ने चिन्ता युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले व्यक्त गरेका छन् । उनकाअनुसार इरान केन्द्रित अमेरिकी–इजरायली सैन्य संलग्नता लम्बिँदै जाँदा वासिङ्टनको ध्यान विभाजित भइरहेको छ, जसले युक्रेनका लागि आवश्यक सैन्य सहयोग अझ कमजोर हुनसक्ने सङ्केत देखिएको छ । इस्तानबुलमा एसोसिएटेड प्रेससँग शनिबार राति भएको विशेष अन्तर्वार्तामा जेलेन्स्कीले स्पष्ट रूपमा भने, हामीले स्वीकार्नुपर्छ कि हामी अहिले प्राथमिकतामा छैनौँ । उनले लामो समयसम्म इरानसँगको युद्ध जारी रहे युक्रेनले पाउने सहयोग झन् घट्ने डर व्यक्त गरे ।



युक्रेनले रुसको निरन्तर आक्रमणको सामना गरिरहँदा विशेषगरी अमेरिकी ‘पेट्रियट’ हवाई रक्षा प्रणालीको आवश्यकता अत्यन्तै बढेको उनले बताए । यी प्रणालीहरू रूसी ब्यालिस्टिक क्षेप्यास्त्र रोक्न महत्त्वपूर्ण मानिन्छन्, तर हालसम्म पर्याप्त सङ्ख्यामा उपलब्ध नभएको उनको गुनासो छ । यदि इरान युद्ध चाँडै टुङ्गिएन भने हाम्रो लागि आउने सहायता प्याकेज झन् सानो हुँदै जानेछ, उनले भने ।

चार वर्षअघि सुरु भएको रुसी आक्रमणपछि युक्रेनका सहरहरू निरन्तर निशानामा परिरहेका छन् । ऊर्जा पूर्वाधारमा आक्रमण हुँदा औद्योगिक उत्पादनमा अवरोध आएको छ भने जाडो मौसममा सर्वसाधारण आधारभूत सुविधाबाट समेत वञ्चित भएका छन् । हजारौँ नागरिकको ज्यान गएको यो द्वन्द्व अझै निर्णायक मोडमा पुग्न सकेको छैन ।

फेब्रुअरीमा मस्को र किएभबीच अमेरिकाको मध्यस्थतामा भएको वार्ता निष्कर्षविहीन बनेको थियो । जेलेन्स्कीले रुसले वार्ता लम्ब्याउने रणनीति अपनाएको आरोप लगाउँदै सम्भावित शान्ति सम्झौताका लागि अमेरिकी पक्षसँग निरन्तर सम्पर्कमा रहेको बताए । यद्यपि, उनका अनुसार ती कूटनीतिक प्रयासहरूले पनि युक्रेनप्रति घट्दो अन्तर्राष्ट्रिय ध्यान झल्काउँछन् ।

मध्यपूर्व युद्धको प्रभाव केवल कूटनीतिक तहमा मात्र नभइ, आर्थिक र सैन्य सन्तुलनमा पनि देखिएको छ । इरानले स्ट्रेट अफ होर्मुजमा अवरोध सिर्जना गरेपछि तेलको मूल्य बढेको छ, जसबाट रुसलाई अतिरिक्त आम्दानी भइरहेको जेलेन्स्कीले उल्लेख गरे । “यसले रुसलाई फाइदा पुगेको छ”, उनले भने । यसले रुसको अर्थतन्त्र कमजोर पार्ने युक्रेनको रणनीतिक उद्देश्यलाई चुनौती दिएको छ ।

स्रोतको अभाव बढ्दै जाँदा युक्रेनले युरोपेली साझेदारहरूसँग सहकार्य विस्तार गर्ने प्रयास गरेको छ । साथै, इरानद्वारा प्रयोग गरिएका ड्रोनविरुद्ध लडाइँमा हासिल अनुभव खाडी मुलुकहरूसँग बाँड्ने प्रस्ताव पनि अघि सारेको छ । युक्रेनले कम लागतमा विकसित गरेका इन्टरसेप्टर ड्रोन र समुद्री ड्रोनहरू साझा गर्दै त्यसको बदलामा एन्टी–ब्यालिस्टिक क्षमतामा सहयोग प्राप्त गर्ने रणनीति अघि बढाइएको छ ।

मार्च अन्त्यतिर जेलेन्स्कीले खाडी क्षेत्रको भ्रमण गर्दै रक्षा सहकार्य विस्तार गर्ने प्रयास गरेका थिए । त्यस्तै, विश्वव्यापी व्यापार मार्गको सुरक्षामा सहयोग पु¥याउने प्रस्तावस्वरूप स्ट्रेट अफ होर्मुज खुलाउन युक्रेनको अनुभव उपयोगी हुन सक्ने उनको धारणा छ । इस्तानबुलमै टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनसँग भएको भेटमा शान्ति वार्ता र सम्भावित उच्चस्तरीय बैठकबारे छलफल भएको जनाइएको छ । दुई देशबीच नयाँ रक्षा सम्झौता हुने सम्भावनासमेत उनले औँल्याए ।

उता, युद्धक्षेत्रमा रुसले वसन्त आक्रमणलाई तीव्र बनाएको छ । करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा युक्रेनी सेना दबाबमा रहेको छ भने रुसले रणनीतिक क्षेत्रमा रक्षा रेखा भत्काउने प्रयास गरिरहेको युक्रेनी सेनाका प्रमुख ओलेक्सान्डर सिरस्कीले बताए । हालसम्म रुसले युक्रेनको करिब २० प्रतिशत भूभाग नियन्त्रणमा राखेको छ । यद्यपि, जेलेन्स्कीले कुनै पनि शान्ति सम्झौतामा भूभाग त्याग्ने विकल्प युक्रेनका लागि स्वीकार्य नहुने स्पष्ट पारेका छन् । रासस

# दश बुँदे घोषणापत्र जारी गर्दै सकियो 'बागलुङ मिडिया मेला'




**बागलुङ ।**
नेपाल पत्रकार महासङ्घ बागलुङद्वारा आयोजित 'बागलुङ मिडिया मेला' १० बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । यही चैत २० र २१ गते बागलुङ बजारमा भएको मेलामा गिद्देप्रेसदेखि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्मको यात्रा र चुनौतीबारे विमर्श गरिएको थियो ।

दुई दिनसम्म सञ्चालन भएको मेलामा पत्रकारिता, पर्यटन, प्रविधिलगायत विभिन्न १० विषयमा छलफल गरिएको थियो । सञ्चारमाध्यमका नयाँ आयामलाई स्वीकार गर्दै सञ्चारसंस्था र पत्रकारलाई गुणस्तरीय तथा विश्वसनीय समाचार सामग्री लेखन, उत्पादनमा जोड दिने घोषणापत्रमा उल्लेख गरिएको छ ।

समय र प्रविधिको गतिअनुसार पत्रकारिता, त्यसमा पनि डिजिटल सञ्चारमाध्यम र समाजिक सञ्जाल तथा अनलाइन सञ्चारमाध्यमको यथोचित उपयोग, यसको उपयोगमार्पmत आयआर्जन गर्दै जीवनस्तरमा टेवा पुग्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयनका लागि तीनै तहका सरकारसँग घोषणा पत्रमार्फत माग गरिएको छ ।

तत्काल कोरलानाका नियमित सञ्चालन गरेर यसबाट गण्डकी प्रदेशले निर्यात बढाउन सक्ने र त्यसबाट आर्थिक समृद्धिमा टेवा पुग्ने भएकाले सञ्चारमाध्यमले यो विषय उठान गरी सरकारलाई आवश्यक पहलकदमी र नीति निर्माण गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । बागलुङभित्र र जिल्लाबाट बाहिर रहेर विभिन्न क्षेत्रमा सफल भएका व्यक्तित्वलाई आफ्नो ज्ञान, सीप, अनुभव र स्रोतसाधन जन्मभूमिको विकास, समृद्धि र पहिचान अभिवृद्धिमा लगानी गर्न आह्वानसमेत गरिएको छ । घोषणपत्र तथा सञ्चारमाध्यममार्फत यस्ता प्रेरणादायी कथाहरूको प्रवद्र्धन गर्दै 'जन्मभूमिसँगको सम्बन्ध र योगदान'लाई संस्थागत रूपमा सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सरकारी विज्ञापन सरकारी मिडियामा मात्र सीमित गर्ने सङ्घीय सरकारको निर्णय सङ्घीयता, खुला अर्थनीति, प्रेस स्वतन्त्रताको भावना र मर्मविपरीत भएकाले प्रदेश सरकार, स्थानीय तहहरूलाई केन्द्र सरकारको परिपत्र अस्वीकार गर्दै स्वरोजगारमूलक मिडिया, यसमा कार्यरत पत्रकारहरूलाई थप सङ्कटग्रस्त अवस्थामा पुर्याउने भन्दै यसको विरुद्धमा घोषणपत्रमा उल्लेख छ ।

छलफलका क्रममा स्थानीय सञ्चारमाध्यमको दर्ता, सञ्चालन र सवलीकरणमा स्थानीय तहको यथोचित स्थानीय सञ्चार नीति आवश्यक रहेकामा जोड दिइएको छ । रासस

# नेपाली सेना सम्मानित संस्थाका रूपमा स्थापित भएको छः प्रधानसेनापति

**लुम्बिनी ।**
प्रधानसेनापति अशोकराज सिग्देलले नेपाली सेनाले देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्न इतिहासदेखि नै अतुलनीय योगदान पुर्याउँदै आएको बताएका छन् ।

नेपाली सेनाले आफ्नो ऐतिहासिक परम्परालाई कायम राख्दै वर्तमान र भविष्यका चुनौतीहरुलाई सामना गर्न सक्ने सक्षम संस्थाका रूपमा थप विकास गरी भावी पुस्तामा हस्तान्तरण गर्दै लैजानु सबैको साझा दायित्व भएको स्मरण उनले गराएका छन् ।




नेपाली सेनाद्वारा मध्य पश्चिम मुख्यालय बुटवलमा आयोजित भूतपूर्व सैनिक सम्मेलनको आईतबार उद्घाटन गर्दै प्रधानसेनापति सिग्देलले देशको सार्वभौमिकताको रक्षाका लागि सेनाले निर्वाह गरेको भूमिकालगायत आन्तरिक सुरक्षा, विकास निर्माण, विपत् व्यवस्थापन तथा अन्तरराष्ट्रिय शान्ति स्थापनाले नेपाली सेनालाई स्वदेश र विदेशमा एक विश्वसनीय एवं सम्मानित संस्थाका रूपमा स्थापित गरेको बताए ।

उनले हालै सम्पन्न आम निर्वाचनलाई सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन नेपाली सेनाले देखाएको उच्च पेसागत दक्षता, व्यावसायिक चरित्र एवं कार्य कुशलताको सर्वत्र प्रशंसा भएको बताउँदै यस कार्यमा अवकाश प्राप्त भूतपूर्वसैनिकहरूको महत्वपूर्ण योगदान रहेको आफूले अनुभूत गरेको उल्लेख गरे ।

'हामीसँग हाम्रा वीर पुर्खाहरुले गर्नुभएको त्याग, तपस्या, बलिदान, कर्तव्यपरायणता र अटल राष्ट्रभक्तिले त्यति नै जीवन्त र गर्विलो इतिहास सार्थी छ', उनले भने, 'सैनिक अनुशासन, सैनिक चेन अफ कमान्ड, संगठनको अराजनीतिक चरित्र, एकताको भावना र सांगठनिक लक्ष्य प्राप्तिका अविच्छिन्न केन्द्रित हुने परम्पराले हाम्रो इतिहासलाई थप गौरवशाली बनाएको छ ।'

प्रधानसेनापति सिग्देलले भूतपूर्वसैनिक सम्मेलन तथा पुनर्मिलन कार्यक्रम केवल अवकाश प्राप्त सैनिक र पारिवारिक निवृत्तिभरणमा रहेका परिवारजनहरुको पुनर्मिलन मात्र नभई हामी बीचको भावनात्मक सम्बन्ध थप सुदृढ गर्ने, हिताधिकारीका वास्तविक समस्या बुझ्ने, कल्याणकारी कार्यक्रमलाई समयानुकूल सुधार गर्ने र भविष्यका लागि तय गरिने नीति तथा कार्यक्रमलाई व्यावहारिक बनाउने अवसरका रुपमा आयोजना गरिएको बताए ।

उनले नेपाली सेना, कल्याणकारी बोर्डले देशमा रहेका हितकारीहरूलाई एउटै छानामुनि ल्याउनका लागि सञ्जाल बनाउने र विस्तार गर्ने कार्य गर्दै आइरहेको बताउँदै हितकारीहरुको संख्याका आधारमा देशव्यापी राष्ट्रिय सञ्जालका रूपमा वडा तहसम्म विस्तार गर्ने अभियान तीव्र गतिमा अघि बढाइएको बताए ।

'यस किसिमको सञ्जाल विकासको मुख्य उद्देश्य कोषबाट प्रदान गरिएका सेवा र सुविधासम्बन्धी जानकारी दिने, भूतपूर्वसैनिक तथा परिवारको समस्या सुन्ने र समाधानमा सहजीकरण गर्ने हो,' उनले भने, 'यस सञ्जाललाई प्रभावकारी बनाउन यहाँहरुको आबद्धता, सक्रिय सहभागिता र सुझाव अत्यन्त महत्वपूर्ण रहनेछ ।'

प्रधानसेनापतिले कल्याणकारी कार्यहरूको निरन्तरता र विस्तारका लागि कोषको आयस्रोतको दिगोपन र प्रभावकारी व्यवस्थापन निकै जरुरी रहने बताउँदै नेपाली सेनामा विद्यमान कल्याणकारी सुविधाहरू विकेन्द्रीकृत, पारदर्शी एवं परिणाममुखी र आत्मनिर्भर बनाउँदै हितकारीहरूको जीवन स्तरमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, स्वरोजगार तथा सीप विकासलगायतका क्षेत्रहरुमा हितकारीहरुको अधिकतम पहुँच विस्तार गर्दै लैजाने प्रयास जारी रहेको बताए ।

कल्याणकारी कार्यक्रमहरुको सहज पहुँच तथा सेवा सुविधाहरुको विस्तारीकरण र दिगोपनमा जोड दिएको र कोषबाट उपलब्ध गराउँदै आइरहेको कल्याणकारी मासिक भत्ता, बहालवाला तथा भूतपूर्वसैनिकका अध्ययनरत सन्ततिहरुलाई दिइने छात्रवृत्ति, सम्पूर्ण हितकारीहरुले पाएको अस्वस्थ उपचार सुविधा, इच्छुक तथा लगनशील हितकारीहरुलाई स्वरोजगार उन्मुख हुन दिइने सहुलियतपूर्ण कर्जा तथा उद्यमशीलता विकास कार्यहरुमा समयसापेक्ष सुधार गरिँदै लगिएको उनले जानकारी गराए ।

प्रधानसेनापतिले समग्र आर्थिक क्षेत्रमा आएको सङ्कुचन र सुस्तताका कारण बैंकिङ क्षेत्रमा थपिएको चुनौती र नेपाली सेनाको मुद्दति निक्षेपको ब्याज आम्दानीमा आएको भारी गिरावट तथा शान्ति स्थापनामा खटिएका फौजहरुको सङ्ख्यामा भएको कटौतीका कारण कल्याणकारी कार्यहरुको सञ्चालन र दिगोपनामा चुनौती देखापरेको बताए ।

नेपाली सेना सैनिक कल्याणकारी कोषका कार्यकारी प्रमुख हिरालाल जोशीले कल्याणकारी कोषको स्व–आम्दानीको स्रोत घट्दै गएको जानकारी गराउँदै कोषद्वारा यसअघि सञ्चालित शिक्षा, स्वास्थ्य, रोजगारलगायतका सेवासुविधाहरू सञ्चालन गर्न कठिनाइ हुँदै गएको बताए । प्रधानसेनापतिले उद्यमशीलतामार्फत जीवनस्तर सुधार्नका लागि नेपाली सेना कल्याणकारी बोर्डले नेपाल इन्भेस्टमेन्ट मेगा बैंकसँगको समन्वयमा सहुलियतपूर्ण ऋण कार्यक्रम र सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिए ।

त्यस अवसरमा सम्मेलनमा उपस्थित भएका भूतपूर्वसैनिक तथा बहालवाला तथा भूतपूर्व सैनिकका अशक्त आश्रित परिवारमध्ये विभिन्न कर्जा प्राप्त गर्ने ऋणीहरूलाई चेक हस्तान्तरण, कल्याणकारी कार्यक्रमअन्तर्गत सर्वोत्कृष्ट र उत्कृष्ट लघुउद्यम व्यवसायीहरूलाई पुरस्कार वितरण गरिएको थियो । ज्येष्ठ भूतपूर्व सैनिक तथा ज्येष्ठ एकल महिलालाई सम्मान तथा आफ्ना चार जना वा सोभन्दा बढी सन्तानलाई नेपाली सेनामा सेवा गर्न प्रेरित गरेको योगदानको कदरस्वरुप आमाबाबुमध्ये एक जनालाई कदरपत्र तथा नगद पुरस्कार गरिएको थियो । साथै, बहालवाला तथा भूतपूर्व सैनिकका अशक्त आश्रितहरुलाई ह्विल चियर तथा वैशाखी वितरण गरिएको थियो । रासस

# सात हजारभन्दा बढी 'अनलाइन' सट्टेबाजी 'एप' र 'वेबसाइट' बन्द




**काठमाडौं ।**
'अनलाइन' सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी 'एप्लिकेसन (एप)' र 'वेबसाइट' (युआरएल) बन्द भएका छन् । सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टरनेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो ।

नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो ।

'हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएका छन् । अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएका छन्, ती सबैलाई सम्बोधन गर्दै कारबाही अघि बढाइएको छ,' उनले भने । मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ । सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो । मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन । त्यसको उल्लङ्घन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न–किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ ।

सरकारले सट्टेबाजी एप तथा वेबसाइट प्रयोग तथा सञ्चालन नगर्न पुनः आग्रह गरेको छ । अनधिकृत रूपमा सञ्चालन वा प्रयोग गरेको पाइएमा कडा कारबाही हुने चेतावनी दिएको छ । साथै सरकारले शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ । रासस

# मार्ग खुलेको १६ वर्षपछि सडक स्तरोन्नति

**म्याग्दी ।**
यहाँको मङ्गला गाउँपालिका–३ बरङ्जामा मार्ग खुलेको १६ वर्षपछि स्तरोन्नति भएको छ । मङ्गला गाउँपालिका–३ र ४ नम्बर वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पखेर–बरङ्जा सडकको पखेर–आलडाँडा खण्ड स्तरोन्नति भएको हो ।

गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत तीन किलोमिटर ५०० मिटर दूरीमा सडक ग्राभेल र ढलान गर्न आर्थिक वर्ष २०८०–८१ देखि पखेर–बरङ्जा–३ र ४ हुँदै महेश–धापुङ–ताराखोला सडक योजना निर्माण सुरु गरेको थियो । निर्माण कम्पनीले विसं २०८१ असारमा रु पाँच करोड ८६ लाख तीन हजारमा ठेक्का सम्झौता गरेको योजना निर्धारित समयभित्रै सम्पन्न भएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताए । अठार महिनाको ठेक्का अवधि भएको यो योजनाको लक्ष्यअनुसारको भौतिक प्रगति भएको छ", उनले भने, "बजेट अभावका कारण निर्माण व्यवसायीलाई भुक्तानी दिन नसक्दा वित्तीय प्रगति भने कम छ ।

विसं २०६६ मा मार्ग खुलेको यो सडकलाई सात मिटरका दरले फराकिलो बनाएर नाली र टेवा पर्खाल निर्माण भएको छ । घुम्ती र उकालोमा पाँच सय ५० मिटर सडक ढलान भएको छ । ग्रेड र घुम्ती सुधार भएको छ । बरङ्जा खर्कटोलका मिलन रोकाका अनुसार यसअघि तीनदेखि तीन दशमलव पाँच मिटर फराकिलो कच्ची सडकको घुम्ती, ग्रेड नमिलेको, साँघुरो सडक जोखिमयुक्त थियो । "यसअघि जिप, ट्याक्सी र ट्रयाक्टर मुस्किलले चल्ने यो सडकमा अहिले दश चक्के ट्रक गाउँमै आउन थालेका छन्", उनले भने, "बरङ्जादेखि बेनी पुग्न एक घण्टा लाग्ने गरेकामा सडक स्तरोन्नति भएपछि यात्राअवधि ३० मिनेटमा छोटिएको छ ।"

भिरालो पाखाको घुम्तीमा गाडी पार गराउन पछाडि लैजानुपर्ने समस्या हटेको छ । बरङ्जामा उत्पादन भएको दुध, सुन्तला, तरकारीलगायत कृषि उपज बजारमा बिक्रीका लागि लैजान सहज भएको छ । बरङ्जादेखि थामडाँडा–सुर्केमेला हुँदै बेनी जोड्ने घुमाउँरो कच्ची सडकमा यात्रा गर्नुपर्ने अवस्था हटेको रोकाले बताए ।

सडक स्तरोन्नति भएकामा बरङ्जावासी उत्साही भएका सडक निर्माण समितिका तत्कालीन अध्यक्ष मोहनलाल सापकोटाले बताए । अप्ठ्यारो ठाउँको खण्डमा अहिले सडक सहज भएकामा खुसी छौँ", उनले भने, "पखेरदेखि झाँक्रीपानीसम्मको सबै ११ किलोमिटर सडकलाई स्तरोन्नति गर्न सकेमा अझै सहज हुने थियो । बरङ्जा म्याग्दीको धेरै जनघनत्व भएको साविकको गाविस हो । मङ्गला गाउँपालिकाको ३, ४, ५ नम्बर वडा र बागलुङको ताराखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने रणनीतिक महत्वको यस सडकलाई स्तरोन्नतिका लागि प्राथमिकता दिएको म्याग्दी १ (ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताए । चालु आर्थिक वर्षमा रु एक करोड ३९ लाख बजेट विनियोजन भएको यस योजनाका निर्माण व्यवसायी जीवन रोकायाले रु ८० लाख भुक्तानी पाउन बाँकी रहेको बताए । निर्माण सामग्री आपूर्तिकर्ता र मजदुरहरूलाई ज्याला दिन समस्या भएको उनले गुनासो गरे । रासस

# अरनिको राजमार्गः धुलिखेल–खावा सडकमा कालोपत्र सुरु

**काभ्रेपलाञ्चोक ।**
स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल–खावा सडकखण्डमा आजदेखि कालोपत्र गर्ने काम सुरु गरिएको छ । धुलिखेल चोकबाट एकतर्फी कालोपत्र सुरु गरिएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । स्तरोन्नति भइरहेको उक्त चार किलोमिटर सडकमध्ये पहिलो चरणमा २ दशमलव ५ किमी कालोपत्र हुने भएको छ । कालोपत्र गर्नका लागि रातिको समयमा सडक आवागमन रोकेर निर्माण भइरहेको सो कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताए । उनका अनुसार यही चैत ७ देखि २० गतेसम्म र चैत २१ देखि ३० गतेसम्म रातिको समयमा आवागमन रोकेर काम भइरहेको छ । सो अवधिमा टिपरलगायत मालवाहक सवारीलाई भने पूर्णतः निषेध गरिएको छ ।

उक्त सडकखण्डको बाँकी एक दशमलव पाँच किलोमिटर दोस्रो चरणमा कालोपत्र गरिने छ । ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र अस्फाल कालोपत्र गर्ने काम हुने जनाइएको छ । लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता भएपछि पुनः स्तरोन्नति कार्यलाई तीव्रता दिइएको हो ।



कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्ने गरी सी–एन ए–वान काली जेभीसँग भ्याटबाहेक रु ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो । उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको स्लोप मर्मत र अन्य बाँकी सानातिना काम गरिने प्रमुख योगेशले बताए । सात मिटर चौडाइको बन्ने उक्त सडकखण्डमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोग गरिने जनाइएको छ । सो सडकखण्डमा तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी–पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि २५ प्रतिशतसमेत निर्माणको काम हुन नसकेको अवस्थामा कार्यालयले २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएका उक्त निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो । सो निर्माण कम्पनीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्ने गरी ठेक्का लिएको थियो । उक्त सडकखण्ड अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकका रूपमा रहेको छ । रासस

# पर्सागढी नगरपालिकाको पहलः डयाम निर्माणले पानी संकट समाधानतर्फ कदम



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लामा पछिल्ला केही वर्षयता देखिएको खानेपानी अभाव समाधानका लागि पर्सागढी नगरपालिकाले दीर्घकालीन पहल सुरु गरेको छ। वन–जंगलको तीव्र दोहन, चुरे क्षेत्रको विनाश तथा पानी पुनर्भरणमा आएको गिरावटका कारण मध्य तराईका भूभागहरू सुक्खा बन्दै जाँदा यहाँका बासिन्दा पानी संकटबाट प्रभावित भइरहेका छन् । यही चुनौतीलाई मध्यनजर गर्दै पर्सागढी नगरपालिकाले पर्सा राष्ट्रिय निकुञ्ज नजिकैको कोइलाभार जंगल क्षेत्रमा रहेको सानो प्राकृतिक मुहानलाई संरक्षण गर्दै पक्का ड्याम निर्माण गरेको हो।

जंगल क्षेत्रबाट रसाएर आउने पानीलाई संकलन गरी दीर्घकालीन उपयोगमा ल्याउने उद्देश्यले निर्माण गरिएको उक्त संरचनाले जलस्रोत व्यवस्थापनमा नयाँ सम्भावना देखाएको छ । करिब ३३ लाख रुपैयाँको लागतमा तयार गरिएको ड्याम निर्माणमा प्रदेश सरकारको ३० लाख विशेष अनुदान र उपभोक्ता समितिको ३ लाख रुपैयाँ लगानी रहेको छ । वडा नम्बर १ स्थित कोइलाभार वन क्षेत्रमा बनाइएको यो संरचनाले दुई स्थानीय तहका चार वडासम्म सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ।

नगरप्रमुख गोकर्ण पाठकका अनुसार पछिल्ला वर्षहरूमा पर्सामा खानेपानीको समस्या बढ्दै गएपछि स्रोत पहिचान र संरक्षणमा नगरपालिका केन्द्रित भएको हो । उनका अनुसार पानी संकलन र पुनर्भरणलाई जोड दिने यस्तो ड्याम निर्माणले दीर्घकालीन रूपमा भूमिगत जलस्तर सुधार गर्न मद्दत पुग्ने विश्वास गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत राजु साहले पनि ड्यामले बहुआयामिक फाइदा दिने बताए।

उनका अनुसार यसले सिँचाइमा सहयोग पुऱ्याउनुका साथै जलचर तथा वन्यजन्तुको पानी आवश्यकतामा समेत सहजता ल्याउनेछ । साथै वन क्षेत्रको हरियाली संरक्षण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा समेत यो पहल सहायक बन्ने अपेक्षा गरिएको छ।

विशेषगरी सुख्खा मौसममा देखिने पानी अभावलाई ध्यानमा राख्दै यस्तो संरचना निर्माण गरिएको हो। विज्ञहरूले पनि चुरे क्षेत्रको चिस्यानयुक्त भूभागमा यस्ता ड्याम निर्माण गर्दा पानी पुनर्भरणमा सकारात्मक प्रभाव पर्ने सुझाव दिएका थिए । त्यसैका आधारमा पालिकाले यो योजना कार्यान्वयनमा ल्याएको हो । हाल सहज हुने बताइएको छ।

यस सफल पहलपछि नगरपालिकाले अन्य सम्भावित स्रोतहरूको पनि पहिचान गरिसकेको जनाएको छ। आगामी दिनमा यस्ता थप ड्याम निर्माण गरी पानी पुनर्भरण र व्यवस्थापनलाई अझ सुदृढ बनाउने योजना अघि सारिएको छ। यसैबीच, ड्याम आसपासको क्षेत्रलाई पर्यटकीय स्थलका रूपमा विकास गर्ने तयारी पनि थालिएको छ । खुला चौरलाई पिकनिक स्थलका रूपमा विकास गर्ने, पौडी पोखरी निर्माण गर्ने तथा आन्तरिक पर्यटकलाई लक्षित गरी आवश्यक पूर्वाधार थप गर्ने योजना नगरपालिकाले बनाएको छ। साथै पानीको उपयोगलाई सहज बनाउन



निर्माण गरिएको ड्यामबाट पर्सागढी नगरपालिका वडा नम्बर १, ७ र ९ तथा सखुवाप्रसौनी गाउँपालिकाको वडा नम्बर १ अन्तर्गत करिब ७ सय बिगाहा जमिनमा सिँचाइ सुविधा पुग्ने अनुमान गरिएको छ। साथै जंगल क्षेत्रमै पानी उपलब्ध भएपछि वन्यजन्तु र पशुपन्छीलाई समेत धारा जडान गर्ने तयारीसमेत गरिएको छ।

यसरी पर्सागढी नगरपालिकाले पानी संकट समाधानसँगै वातावरण संरक्षण र पर्यटन प्रवद्र्धनलाई जोड्ने प्रयास थालेको छ, जसले स्थानीयस्तरमै दीर्घकालीन विकासको नयाँ उदाहरण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

# नयाँ सरकार गठनपछि ‘श्रीराम सुगर मिल्स’ पुनः संचालनको आशा



**मधेशदृष्टि**
**रौतहट ।**
जेनजी आन्दोलनपछिको राजनीतिक परिवर्तनसँगै गठन भएको नयाँ सरकारप्रति आम नागरिकको अपेक्षा उल्लेखनीय रूपमा बढेको छ । विशेषगरी बालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि वर्षौंदेखि थलिएको औद्योगिक क्षेत्र पुनर्जीवित हुने आशा विभिन्न जिल्लामा देखिन थालेको छ ।

यसैक्रममा रौतहटको गरुडा नगरपालिका–५ महम्मदपुरस्थित लामो समयदेखि बन्द रहेको श्रीराम सुगर मिल्स पुनः सञ्चालन हुने सम्भावनाले स्थानीयवासी, किसान तथा सरोकारवालाहरूमा नयाँ आशा जगाएको छ । यद्यपि, सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीमा यो मिल समावेश नभए पनि स्थानीय स्तरमा सक्रियताले उद्योग पुनर्जीवित हुन सक्ने विश्वास व्यक्त गरिएको छ ।

२०४९ सालमा उद्योगपति दिवाकर गोल्छा द्वारा स्थापना गरिएको उक्त उद्योग एक समय मधेसकै प्रमुख औद्योगिक केन्द्रका रूपमा परिचित थियो । अत्याधुनिक प्रविधिसहित सञ्चालनमा रहेको यस मिलले दैनिक ठूलो परिमाणमा उखु प्रशोधन गर्ने क्षमता राख्थ्यो । त्यसबेला रौतहट, बारा र सर्लाहीका हजारौं किसानले आफ्नो उत्पादन बिक्रीका लागि भरपर्दो बजार पाएका थिए ।

उद्योग सञ्चालनमा हुँदा प्रत्यक्ष रूपमा एक हजारभन्दा बढीले रोजगारी पाएका थिए भने अप्रत्यक्ष रूपमा ढुवानी, व्यापार, कृषि तथा सेवा क्षेत्रमा हजारौंको जीविकोपार्जन यसैसँग जोडिएको थियो । तर व्यवस्थापन कमजोरी, आर्थिक संकटलगायत कारण देखाउँदै २०७७ साउन ११ गते उद्योग बन्द भएपछि किसानहरू वैकल्पिक बजार खोज्न बाध्य भएका थिए । कतिपयले त उखु खेती नै छाड्नुपरेको अवस्था छ ।

स्थानीयका अनुसार उचित व्यवस्थापन र स्पष्ट नीति अपनाइए उद्योग पुनः सञ्चालन गर्न सम्भव छ । उद्योग पुनः सञ्चालन भएमा एक हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाउने र हजारौं किसान लाभान्वित हुने अपेक्षा गरिएको छ । साथै, स्वदेशमै चिनी उत्पादन बढेर आयातमा निर्भरता घट्ने विश्वास पनि गरिएको छ ।

स्थानीय व्यवसायीहरूका अनुसार मिल सञ्चालनमा आए क्षेत्रको समग्र अर्थतन्त्र चलायमान हुनेछ । कृषि, व्यापार र रोजगारीमा सकारात्मक प्रभाव पर्नेछ । एक समय देशकै गौरवका रूपमा चिनिएको उद्योगको पुनः सञ्चालनलाई स्थानीयहरूले औद्योगिक पुनरुत्थान मात्र नभई आर्थिक पुनर्जागरणसँग जोडेर हेरेका छन् ।

हालसम्म सरकारबाट स्पष्ट निर्णय सार्वजनिक नभए पनि बालेन्द्र शाह नेतृत्वको सरकारले सुशासन र विकासलाई प्राथमिकता दिएको भन्दै स्थानीयवासी आशावादी देखिएका छन् । अब सबैको ध्यान सरकारको ठोस पहलतर्फ केन्द्रित छ ।

# जनकपुर बृहत्तर क्षेत्र विकास परिषद्का पूर्वअध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषास्थित बृहत्तर जनकपुर बृहत्तर क्षेत्र विकास परिषदका तत्कालीन अध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले परिषदका तत्कालीन अध्यक्ष शालीग्राम सिंह, कार्यकारी निर्देशक बलराम ठाकुर, प्रशासकीय अधिकृत चिरञ्जिविराज शर्मा ढुंगाना, लेखापाल सावित्री कुमारी गिरी तथा खरिदार मनद कुमार चौधरी सूडी लाई प्रतिवादी बनाउँदै ५५ लाख २ हजार ८५४ रुपैयाँ हिनामिनाको आरोप लगाएको हो ।

यस प्रकरणमा ईशिता ट्रेडर्स र त्यसका सञ्चालक पशुपतिनाथ पाठक लाई समेत मुद्दामा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा बायो शौचालय खरिद प्रक्रियामा मिलेमतो गरी अनियमित रूपमा भुक्तानी गरिएको निष्कर्षसहित आयोगले विशेष अदालत काठमाडौं मा आरोपपत्र दायर गरेको जनाएको छ ।

अख्तियारका अनुसार सार्वजनिक खरिद प्रक्रियामा नियतवश नियम उल्लंघन गर्दै राज्यकोषमा क्षति पुऱ्याइएको ठहर गरिएको छ । मुद्दा दायर भएसँगै सम्बन्धित व्यक्तिहरूको भूमिकाबारे थप कानुनी परीक्षण अघि बढ्नेछ ।

# बर्दिबास अस्पताललाई थाइराइड परीक्षण उपकरण सहयोग



**मधेशदृष्टि**
**बर्दिबास।**
महोत्तरीको बर्दिबास स्थित बर्दिबास अस्पताललाई ‘थाइराइड रोग’ पहिचानका लागि आवश्यक उपकरण सहयोग गरिएको छ।

बर्दिबास युथ क्लबले ‘सिला मागलुमि ८००’ नामक करिब २५ लाख रुपैयाँ बराबरको उपकरण उपलब्ध गराएको हो।

अस्पतालमा थाइराइड परीक्षण गर्ने उपकरण अभावका कारण बिरामीहरू अन्यत्र जान बाध्य भइरहेका थिए । यस अवस्थालाई मध्यनजर गर्दै क्लबले करिब २४ लाख ८६ हजार रुपैयाँ मूल्यको ‘थाइराइड उपचार मेसिन’ हस्तान्तरण गरेको जनाएको छ।

बर्दिबास युथ क्लबका अध्यक्ष कृष्ण कार्कीले उक्त उपकरण प्रल्हादकुमार क्षेत्री (नगरप्रमुख) र अस्पताल विकास समितिका अध्यक्ष जयनारायण शर्मा लाई हस्तान्तरण गरेका हुन्।

उपकरण हस्तान्तरण कार्यक्रममा नगरप्रमुख क्षेत्री र अध्यक्ष शर्माले अब बर्दिबास अस्पतालबाटै थाइराइड रोगको परीक्षण तथा उपचार सेवा सुरु गरिएको जानकारी दिएका छन् । यसबाट स्थानीय बिरामीहरूलाई सहज र सुलभ सेवा प्राप्त हुने विश्वास गरिएको छ।

# जसपा नेपालका महासचिव शर्माले दिए राजीनामा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आम निर्वाचन २०८२ मा जनता समाजवादी पार्टी (जसपा) नेपालले अप्रत्याशित रूपमा शून्य सिटमा खुम्चिएपछि पार्टीका महासचिव रामकुमार शर्माले महासचिव पदबाट राजीनामा दिएका छन् । उनले सामाजिक सञ्जालमार्फत एक स्टाटस लेख्दै नैतिकताको आधारमा पद त्याग गरेको घोषणा गरेका हुन् ।

शर्माले निर्वाचन परिणामलाई ‘सामूहिक अयोग्यता र अक्षमताको प्रमाण’ भन्दै जनादेशलाई सम्मान गर्नुपर्ने बताएका छन् । उनले २०६२÷०६३ को मधेस जनआन्दोलनको बलिदानबाट स्थापित शक्तिशाली दल अहिले शून्य अवस्थामा पुगेको अवस्थालाई गम्भीर आत्मसमीक्षाको विषय बनाएका छन् । राजीनामा घोषणासँगै उनले पार्टी नेतृत्वप्रति कृतज्ञता व्यक्त गर्दै उपेन्द्र यादव प्रति धन्यवाद ज्ञापन गरेका छन् । ‘मलाई विश्वास गरेर महासचिव जस्तो गरिमामय जिम्मेवारी दिनुहुने अध्यक्षज्यूलाई हार्दिक आभार व्यक्त गर्दछु,’ उनले लेखेका छन् ।

यसैबीच, आम निर्वाचन २०८२ ले नेपाली राजनीतिमा नयाँ समीकरण स्थापित गरेको छ । बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भई अभूतपूर्व जनसमर्थन प्राप्त भएको चर्चा छ । निर्वाचन परिणामलाई लिएर देशभर बहस जारी छ—कतिपयले यसलाई जनताको परिवर्तन चाहनाको संकेत मानेका छन् भने केहीले अस्वाभाविक भन्दै प्रश्न उठाएका छन् ।जसपा नेपालसहित मधेसकेन्द्रित दलहरूको कमजोर प्रदर्शनपछि अब ती दलहरूभित्र नेतृत्व परिवर्तन, पुनर्गठन र एकताको बहस तीव्र हुने संकेत देखिएको छ ।

# अग्रिम भर्ना र अत्यधिक शुल्क असुल नगर्न निजी विद्यालयहरुलाई मन्त्रालयको चेतावनी

**मधेशदृष्टि**
**वीरगंज।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केही संस्थागत निजी विद्यालयहरूले कानुनी व्यवस्था उल्लङ्घन गर्दै विद्यार्थी अग्रिम भर्ना गर्ने र निर्धारितभन्दा बढी शुल्क असुल्ने गरेको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

आइतबार जारी गरिएको मन्त्रालयको प्रेस विज्ञप्तिमा उल्लेख छ कि देशका विभिन्न जिल्लाका केही विद्यालयहरूले शिक्षा नियमावली, २०५९ (संशोधित) को नियम ८४ (४) र ७८ (ग) साथै सर्वोच्च अदालतको मिति २०८२ चैत २० गतेको आदेशको प्रत्यक्ष उल्लङ्घन गर्दै शैक्षिक सत्र २०८३ सुरु हुनुअघि नै भर्ना प्रक्रिया अघि बढाएका छन् । मन्त्रालयले यस्तो गतिविधि विद्यालय सञ्चालनका




लागि अशोभनीय मात्र नभई दण्डनीय समेत भएको बताउँदै सबै विद्यालयलाई सचेत रहन निर्देशन दिएको छ । नयाँ शैक्षिक सत्र सुरु भएपछि मात्रै विद्यार्थी भर्ना गर्न र २०७२ मा जारी ‘संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका’ मा तोकिएको शुल्कभन्दा बाहेक अन्य शुल्क नलिन स्पष्ट निर्देशन दिइएको छ।

अभिभावकबाट गैरकानुनी रूपमा असुल गरिएको शुल्क फिर्ता गराउन मन्त्रालयले सम्बन्धित विद्यालयविरुद्ध आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सबै स्थानीय तहलाई अनुरोध गरेको छ । तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयहरूलाई शिक्षा ऐन, २०२८ र अन्य प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी समेत मन्त्रालयले जारी गरेको छ।

# ओली र लेखकको बन्दी प्रत्यक्षीकरण रिट हेर्दाहेर्दैमा दिपक खड्कालाई ७ दिन र शुलभ अग्रवाललाई ५ दिन म्याद थप

**मधेशदृष्टि**
**वीरगंज।**
पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बन्दीप्रत्यक्षीकरणको रिट हेर्दाहेर्दैमा परेको छ । सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासमा आइतबार सुरू भएको सुनुवाइमा ओली र लेखकको तर्फबाट वकिलहरूले बहस गरेका थिए । बहस नसकिएपछि रिट हेर्दाहेर्दैमा रहेको हो । गएको भदौ २३ र २४ गते भएको नवयुवा आन्दोलनका घटनाबारे जाँचबुझ गर्न गठिन आयोगको सिफारिसअनुसार अनुसन्धान गर्न प्रहरीले ओली र लेखकलाई चैत १४ गते बिहान पक्राउ गरेको हो । दुवै जनामाथि प्रहरीले ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ।

यता पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको थुना प्रकरणमा प्रहरी महारीक्षक दानबहादुर कार्कीले सर्वोच्च अदालतलाई लिखित जवाफ पठाउँदै सर्वसाधारण नागरिकको हक अधिकारमा प्रतिकूल प्रभाव पर्ने कार्य हुँदा कानुन कार्यान्वयनका लागि पक्राउ र अनुसन्धान गर्नैपर्ने दाबी पेस गरेका छन्।

अनुसन्धानको साधारण अधिकार क्षेत्रमा असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्चबाट हस्तक्षेप गर्न नमिल्ने दाबी समेत जवाफमा छ । जेनजी प्रदर्शनको क्रममा प्रदर्शनकारीहरूको मृत्यु सम्बन्धमा पुरुषोत्तम खतिवडा खत्री समेतले तत्कालीन प्रधानमन्त्री ओली समेत विरुद्धमा ‘ज्यान सम्बन्धी कसुर’ समेतको जाहेरी दरखास्त पेस भएको र जाँचबुझ आयोगको प्रतिवेदनले समेत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान गर्ने गरी सिफारिस भएको जनाउ पनि सर्वोच्चलाई दिइएको छ।

यसैगरि नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्वऊर्जामन्त्री दीपक खड्कामाथि अनुसन्धान गर्न थप ७ दिनको म्याद दिइएको छ । उनीमाथि सम्पत्ति शुद्धीकरणको मुद्दामा अनुसन्धान भइरहेको छ । चैत १५ गते पक्राउ परेका उनलाई आइतबार दोस्रोपटक म्याद थप गरिएको हो । यसअघि काठमाडौं जिल्ला अदालतले ७ हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो।

पूर्व ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कालाई भदौ २४ गतेको जेनजी आन्दोलनको उनको घरमा बरामद भएको रकमको अनुसन्धान गर्न नियन्त्रणमा लिइएको गृहमन्त्री सुधन गुरुङले नै बताएका थिए । यसैगरि शंकर ग्रुपका सञ्चालक सुलभ अग्रवालविरुद्ध ५ दिन म्याद थप गरिएको छ । जिल्ला अदालत काठमाडौंले उनीविरुद्ध ५ दिन म्याद थप गरेको हो । उनलाई पनि सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा आइतबार पक्राउ गरिएको हो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन